# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/१०
चौथो अधिवेशन
(छैठौ बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको छैठौँ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

अब, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

३. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

४. **माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

***(प्रस्ताव पेश भएपछि)***

५. **माननीय सदस्यहरू,**

अब म उद्योग, पर्यटन, बन तथा वाताबरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा हुन्न भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा गरिसकेपछि)***

६. **माननीय सदस्यहरु,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरु,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७६।२।२ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐनको दफा ९ र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७६।०७७ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कार्वाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु । (समय १४ मिनेट)

माननीय तारालामा तामाङ्ग :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति कर बाहेक हाम्रो प्रदेश सरकारका आर्थिक

अर्थमन्त्रीज्यूले २०७६ जेष्ठ २ गते प्रस्तुत गर्नुभएको बजेटको पूर्व तयारीको छलफलको क्रममा हामी छौं । यसले हाम्रो प्रदेशलाई केहि आशाको विन्दुमा हामी पुगेका छौ र यो विनियोजन विधेयकले अर्थात सरकारले ल्याउन लागेको बजेटको सिद्धान्त, प्राथमिकता, उद्देश्य र प्रमुखनीतिको यहा प्रस्तुत भैसक्दा मैले विभिन्न नागरिक समाज, नागरिक अगुवा, विद्यान व्यक्तित्वहरुको कुरा बुझ्दा हाम्रो प्रदेश सभा भन्दा बाहिर कुरा बुझ्दा यसमा सकारात्मक रुपले देखिएको कुरा प्राप्त भाको छ । र यो यदि हामीले लागु गर्न सक्यौ भने राम्रो हुन्छ भन्नी कुरा आएको छ । र यसमा यसको राम्रो पक्षहरु यसमा भा का धेरै कुराहरु मैले यहा प्रस्तुत गर्न गइराखेको छु । र यो भैरहदा धेरै राम्रो कुराहरु अझै छुटिन सक्नेछन् र यो विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति भएकाहरुमा यसले नेपालको संविधान प्रतिको प्रतिबद्धता तथा संविधानमा व्यवस्था गरिएको मौलिक हकहरु र राज्यको निर्देशक सिद्धान्त तथा नीतिको परिपालनाको कार्यान्वयन गर्ने दिशामा आगामी आर्थिक बर्षको बजेट निर्देशित हुने कुरामा निकै प्रसंसनिय छ । यो स्वतन्त्र, समृद्ध र सबल अर्थतन्त्र निर्माण गर्ने र नीजि क्षेत्रलाई सामाजिक जिम्मेवारी सहित आर्थिक वृद्धिको साझेदारीको रुपमा अगाडि बढाएको छ । दिगो आर्थिक विकास र प्रतिफलको न्यायोचित वितरण तथा सुशासन प्रवर्द्धन एवं वित्तिय अनुशासन कायम गरिने कुरामा आजको प्रमुख आवश्यकता नै हो र यो कुरा राम्रो सँग समेटिएको देखिन्छ । सार्वजनिक, नीति र सहकारी क्षेत्रको सहभागिता सहित समृद्ध, स्वाधिन एवंम समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको आधार तयार गरिने परिकल्पनाबाट समृद्ध नेपाल र सुखि नेपालीको गन्तव्य हासिल गर्न टेवा पुग्ने देखिन्छ । आन्तरिक राजश्व परिचालनलाई व्यवस्थित बनाउन खोजिएको छ । आयोजना छनौट मापदण्ड आधारमा बैज्ञानिक बनाउन खोजिएको छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने प्रमुख उद्देश्यले संविधानको आर्थिक उद्देश्यलाई सम्बोधन गरेको छ । गरिबी निवारणलाई प्रमुख प्राथमिकतामा प्रदान गरेको देखिन्छ । मानव विकास सुचांक पछाडि परेको जिल्लाहरुलाई प्राथमिकता प्रदान गरेको र आगामी आर्थिक बर्षको बजेटमा उद्देश्यहरु हेर्दा निकै महत्वपूर्ण जनचाहाना सम्बोधनमा केन्द्रीत हुनुका साथै संविधानको मुलमर्म आत्मसात गर्दै जनजिविकाको सवालहरुलाई सम्बोधन गर्दै समृद्ध सुदूरपश्चिम प्रदेश निर्माण गर्ने तर्फ लक्षित देखिन्छ । गरिबी पहिचानको लागि सूचना तथा तथ्यांक संकलन र गरिबलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने विषयहरु प्रमुख नीतिमा रहेको बजेटका प्राथमिकताहरुले गरिबी न्यूनीकरण, सामाजिक कुरीती विरुद्ध कार्यक्रम, मौलिक हक कार्यान्वयन, पूर्वाधार विकास र सेवा प्रवाह सँगै सम्बन्धीत कार्यक्रमहरु साथै सुशासन प्रवर्द्धन मुख्य प्राथमिकता दिएको देखिन्छ । जनताको आवश्यकता र उपलब्धताको विचमा अन्तर पहिचान गरि स्वरोजगार बनाउने विषय उद्यमशिलताको विकास, लगानीमैत्री बाताबरण निर्माण गरिने लगायतका कुराहरुले आम प्रदेशवाशिको हित अभिवृद्धि गर्न प्रदेश सरकार गम्भिर रहेको कुरा स्पष्ट देखिन्छ । प्रदेशको प्राथमिकता प्राप्त आयोजनालाई स्रोत सुनिश्चितता गर्ने भन्ने देखिन्छ । त्यसै गरि सबै जिल्लाहरुलाई सन्तुलित विकास गर्ने कुरा आएको छ । सबै स्थानीय तह सम्म बैंक तथा विमा कम्पनी पुऱ्याउने बैंकिङ पहुच बढ्दै जाने हुन्छ । कृषि क्षेत्रलाई आत्मनिर्भर हुने विषय प्राविधिक सीपमुलक जनशक्ति तयार गरि लघु उद्यमको माध्यमबाट स्वरोजगार बनाउने विषयहरु बजेटका उद्देश्य यो यस्तो कार्यक्रमहरु बनाएको देखिन्छ भने अझ यसले हामी सुदूरपश्चिमबासिहरुलाई व्यवस्थित र मर्यादित बनाउन बजेट गएको देखिन्छ । यो उल्लेखित कुराहरु हुदा हुदै पनि बाहिरका केहि व्यक्तिहरु आम व्यक्तिहरुले अझ केहि कुराहरु यसमा थपिन गएको भए अझ राम्रो हुन्थ्यो भन्ने सुझावहरु आएको देखिन्छ । त्यसलाई हामीले आत्मसाथ गर्नेछौ भन्ने कुरा हामीले विश्वास दिलाएका छौ र त्यस्ता कुराहरुमा जस्तै बजेटको कार्यक्रमलाई

अद्यावधिक योजना र मद्यकालिन खर्च सँगै आवद्ध गर्ने विषयहरु समावेश गर्नुपर्ने । नेपालको संविधानको अनुसूची ६ अर्न्तगत प्रदेश सरकारको एकल अधिकारका सूची पहिलो नम्बरमै प्रदेशको प्रहरी प्रशासन, शान्ति सुरक्षाको कुरा राखिएको छ । शान्ति सुरक्षाको सम्बन्धमा भएता पनि प्रदेश प्रहरी प्रशासन सम्बन्धी कुरालाई प्राथमिकता पाउदा उपयुक्त हुने देखिन्छ । त्यसैगरि प्रदेशको शिक्षा क्षेत्रमा प्राविधिक विश्वविद्यालय शिक्षालयहरु पनि रहेकोले यो क्षेत्रलाई पनि हाम्रो प्रदेश सरकारले यसै आ.व.मा समेट्नु पर्छ भन्ने लागेको छ । त्यसै गरि सूची अर्न्तगत नै रहेको रेडियो, एफएम, टेलिभिजन संचालनका कुराहरु पनि के गर्न सकिन्छ । त्यसलाई हामीले छुनपाए अझै राम्रो हुन्छ । प्रदेश सरकारले अहिले सम्म हाम्रो काम कारवाहीमा अलि सुचारु रुले गर्न नसकेको कारणले प्रदेशको कर्मचारीहरुको व्यवस्थापन पक्षमा पनि हाम्रो आफ्नै प्रदेश लोकसेवा गठन गरेर ल्याउनुपर्ने कुराहरु अझै यसलाई स्पष्ट पार्नुपर्ने देखिन्छ । बैदेशिक सहायतालाई र बैदेशिक लगानी भित्राउने विषयहरु प्रदेशको प्राथमिकता परियोजनालाई कार्यान्वयनमा जोड दिने कृषि, उद्योग, पर्यटन, जडिबुटि उद्योगको विकास गर्ने विषयहरु, कृषि क्षेत्रको अन्तर कृषि क्षेत्र कृषिको जुन हाम्रो भैराखेको छ । कृषिलाई अन्तरपुस्ता हस्तान्तरण गर्ने कुरा पनि हामीले उल्लेख गर्दा अझ राम्रो हुन्थ्योहोला र जलवायु परिवर्तनका अनुकुलन कार्यक्रमहरु पनि हामीले संचालन अझ व्यवस्थित गर्न सके राम्रो त्यस्तै गरि स्थानीय तहमा हुने वित्तियहस्तान्तरणका विषयहरुमा थप स्पष्ट पार्दा उपयुक्त हुने देखिन्छ । अनि त्यसै गरि जिल्ला समन्वय समितिको अनुगमनकारी र समन्वयकारी भुमिकालाई नीतिमा नै समावेश गरेर हामीले यसलाई पनि भूमिका विहिन अवस्था जस्तो देखिएको जिल्ला समन्वयलाई पनि थप भुमिका दिएर परिचालन गर्नुपर्ने देखिन्छ । प्रदेश सरकारको एकल अधिकारको ... को रुपमा संविधानमा उल्लेख भएको प्रदेशको अनुसन्धान व्युरो, प्रदेश लोकसेवा आयोग, भूमि व्यवस्था जग्गाको अभिलेख, प्रदेश तथा खानि अन्वेषण व्यवस्थापन, गुठि व्यवस्थापन लगायतका कुराहरुमा बजेटले सम्बोधन गर्न सक्नुपर्छ जस्तो लाग्छ । त्यसैगरि प्रदेशको विकास गर्ने पूर्वाधार उत्पादन सामाजिक विकास सुशासनको अझ व्यापक रुपले हामीले प्राथमिकता दिनुपर्ने छ । त्यसैगरि कृषि बजारिकरण, लघुउद्यम र लघुवृत्त जस्ता कार्यक्रमहरुमा सहकारी क्षेत्रलाई प्रमुख भूमिका प्रदान गर्ने देखिन्छ । र बाताबरण संरक्षण, जलवायु परिवर्तन, सामाजिक विभेदको अन्त्य गर्ने यसमा धेरै कुराहरु हुन सक्छन् र विषयलाई हामीले थप सम्बोधन गर्नुपर्ने देखिन्छ । ठुला उद्योग संचालन गर्ने र आवश्यक पूर्वाधार अनि उर्जामा पनि हामीले सहयोग गर्नुपर्ने देखिन्छ । त्यसै गरि प्रदेश सरकारले हामीले प्रदेशका सबै ५३ नै जना सांसदहरु एउटै भूमिका हो । कामको जिम्मेवारीले कोहि कता हुन सक्छन तर यहा कुरा सुनिएको छ या त बुझ्न नसकिएर या बुझाउन नसकेर प्रदेश पूर्वाधार विकास कार्यक्रम प्रदेशको निर्वाचन क्षेत्रमा गरिने केहि प्रदेश सरकारबाट छुटपुट भयो भने त्यो प्रदेशकै पूर्वाधार कार्यक्रम अर्न्तगत त्यहाका सम्बन्धित माननीयज्यूहरु र तोकिएको व्यक्तिहरुले नै त्यसमा निर्णय गर्ने भा को हुनाले यसलाई विभेदकारी भन्नु भन्दा पनि थप व्यवस्थित तरिकाले यो संचालन गर्दा राम्रो नै देखिन्छ । र अरु कुरा चाहि हामीले त्यस्तो देखिन्छ भने हामीले गत यहि प्रदेश सभाबाट हामीले हाम्रो राजधानी तोकिएको छ । हाम्रो प्रदेशको नाम तोकि सकेको छ । अब हामीले आगामी आर्थिक बर्षमा त्यहा राजधानीको पूर्वाधार तयार गर्ने कुरामा आधारभुत कुराहरु के के गर्न सकिन्छ । त्यसलाई पनि सम्बोधन गर्दा अझ राम्रो हुनेछ । र यो प्रदेशलाई समृद्ध प्रदेश बनाउनमा बजेटको महत्वपूर्ण भूमिका हुने भएकोले यसलाई फलना पार्टिको फलना मन्त्रीले अर्थात फलना ठाउ भन्नु भन्दा पनि बजेटको पूर्वसन्ध्यामा नै सबैले यस्तो यस्तो काम गर्दा राम्रो हुन्छ । यतातिर दिदा राम्रो हुन्छ भन्ने सुझाव दिदा राम्रो हुन्छहोला जस्तो लाग्छ र त्यो सुझावलाई हाम्रो सरकारले सकेसम्म सम्बोधन गर्ने कुरामा

हामीलाई विश्वस्थ छ र हाम्रो यो प्रदेश हामीलाई दुई कुराले हामीलाई अप्ठ्यारोमा छ एक त हामी प्रदेशको नया प्रदेश प्रादेशिक संरचनामा संघीयतामा गएको संघीयताको पहिलो चार्निङ भनेकै प्रदेश सरकार हो । प्रदेश सभा हो । यदि यो असफल भयो भने हाम्रो संघीयता नै असफल हुन्छ तर यो बर्षौ देखि चलिराखेको व्यवस्था दशकौ देखि चलिराखेको व्यवस्था जस्तो यो भएन, उ भएन भन्ने कुरा र काम गर्दा केहि कमिकमजोरी हुन सक्छ तर त्यसैलाई नियतबस यस्तो गरेको हो भनेर हाम्रा विभिन्न माध्यमहरुबाट प्रदेश सरकार, प्रदेश सभा प्रति आर्कमण जुन भैराखेको छ यो संघीयता विरोधी काम भैराखेको छ । यसलाई चिर्नको लागि हामी प्रदेश सभाका सबै एकजुट भएर मिलेर यो प्रदेशलाई कसरी राम्रो बनाउन सकिन्छ यस तर्फ हाम्रो ध्यान जानुपर्छ । चाहे त्यो बजेट निर्माण गर्ने सवाल किन नहोस चाहे त्यो सरकारको नीति तथा कार्यक्रम आउने सवालमा किन नहोस । चाहे जुनसुकै मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने सवालमा किन नहोस सबै प्रदेशका सबै सांसदहरुलाई समेटेर लानुपर्छ र सबै पार्टि सबै तप्का सबै बर्गलाई यो अभियानमा हामीले सरिक गराउन सक्नुपर्छ । हाम्रो सरकार त्यसतर्फ उन्मुख छ तर सहयोग लिनखोज्यो सहयोग नदिनि अनि केहि कहि केहि भयो भने त्यलाई धेरै पातको पतंग के भन्ने धेरै ठुलो कुरो गर्ने जुन चलन छ यसले हाम्रो व्यवस्थालाई अलि नराम्रो हुन सक्छ । हामीले के गर्न सकिन्छ यहि बजेटमा पनि बोलेको छ र यो कार्यक्रममा पनि बोल्न खोजिएको छ । हामीले किन मैले शुरुमा भने एउटा कुरा राख्या थिए । हामी सांसदहरु केवल आफ्नो निर्वाचन क्षेत्रको मात्र सांसद होईन हामी कंचनपुरको सांसद बाजुराको पनि हो । हो प्रतिनिधीको सवालमा कंचनपुरको होला बाजुरा बाजुराको होला कंचनपुरकोले बाजुराको किन नबोल्ने, कैलालीले दार्चुलाको बारेमा किन नबोल्ने र हामीले सुरु देखि पनि भनेका थियौ हाम्रो आर्थिकलाई उपार्जन गर्न हाम्रो जनताको प्रदेश भरीको प्रदेशको एरिया भित्र रहेको हाम्रा प्रदेशवासिको मुहारमा चमक ल्याउने काममा हामी किन एकजुट नहुने । बाजुरामा उत्पादन गरेको चिज कैलाली, कंचनपुर किन नल्याउने त्यो ल्याउनको लागि प्रदेश सरकारले के गर्न सकिन्छ । व्यापक छलफल गरौ यसको ज्ञाताहरु छन् यसको विज्ञहरु सँग सल्लाहा गरौ । पूर्वाधार तयार गर्ने देखि लिएर यस्तो कुराहरु छलफल गरौ अनि दार्चुलाको उत्पादन किन यता नल्याउने । कैलाली, कंचनपुरको उत्पादन उता पुर्‍याउने जिम्मा किन नलिने । सरकार भएपछि हामी जनताको निर्वाचित जनताले विश्वास गरिसकेपछि यस्तो कुराहरुमा हामी त्यो केवल हाम्रो गाउँमा, हाम्रो ठाउमा विकासको कुरो मात्रै गर्ने भन्दा पनि हामीले यस तर्फ ईङ्कीत भयौ भने अवश्य संघीयता पनि सफल हुन्छ । हामी निर्वाचित भएको पनि सार्थकता हुनेछ र हाम्रो प्रदेश समृद्ध प्रदेश हुने कुरामा विश्वस्थ छ त्यस कारणले एउटै विकल्प हो हामी मिलेर हामीले मिलेर जानुको शिवाय कुनै अर्को बाटो म देख्दीन । मिलेर गर्ने सहयात्रीको भुमिका निभाएर अगाडि बढ्यौ भने हाम्रो प्रदेश समृद्ध प्रदेश बनाउनमा कसैले रोक्ने छैन रोक्न पनि सकिदैन केवल मिलेर मात्र जाने एउटै उपाय छ त्यहि कुरा राख्दै विदा हुन्छु । धन्यवाद नमस्कार ।

माननीय रण बहादुर रावल :- माननीय सभामुख महोदय, हाम्रो देशको आर्थिक मामिला तथा योजना मन्त्रीजीले पेश गर्नुभएको आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सम्बन्धमा केहि शब्द राख्न आईरहेको छु । र यसै सन्दर्भमा माननीय मन्त्रीज्यूले बहुतै मेहनत गरेर ल्याउन खोज्नुभएको देखिन्छ । अर्कोतिर माननीय मन्त्रीजीले ल्याएको नीति तथा कार्यक्रम एकमिसिम नीतिमा चाहि झण्डै झण्डै अलि विगतका बर्षहरुमा ल्याएकोमा धेरै भिन्नता त देखिदैन तर कमसेकम प्रयास चाहि राम्रो गरिएको छ । सभामुख महोदय नेपाल साच्चिकै समानुपातिक हिसाबले, समावेशि हिसाबले, लोकतान्त्रिक गणतन्त्रको बाटोमा लागि सकेको छ ।

विकासको दृष्टिकोणले पछाडि परेको विशेष गरि सुदूरपश्चिम प्रदेशको आउदा दिनहरुमा आउदा दिनहरुमा विकासको समृद्धि निकै अगाडि बढ्ने आशा एवंम अपेक्षा जनताहरुले प्रदेशका जनताहरुले गर्नु स्वभाविक पनि हो र गरिरहेका छन् । अब यसमा जानुभन्दा पूर्व एउटा महत्वपूर्ण पाटो के छ भने हाम्रो भविष्यमुखि विशेष गरि विकास योजनाहरु त्यो प्रपेष्टिभ यो डेभलपमेन्ट प्लानहरुको सन्दर्भमा निर्माण गर्ने सम्बन्धमा, त्यसको सिद्धान्तको कुराहरुमा, त्यसको प्रक्रिया र योजनाहरु कार्यान्वयनको सन्दर्भमा मुल्यांकन र समिक्षाको ज्ञान हुनु अति जरुरी छ । त्यस बारे सबैलाई हेक्का नै छ । योजनाहरुको मुल उद्देश्य सन्तुलित विकास गर्ने, दिगो विकासमा विशेष जोड दिने सन्दर्भ किन नहोस आत्मनिर्भता बढाउने कुराहरु देखि असमानता र गरिबी घटाउने तथा प्राकृतिक स्रोत सम्पदा र मानव संसादनको उचित दक्षता र कुशल उपयोग गर्ने नीतिको अति आवश्यता, नितान्त आवश्यकता पर्दछ । यसै सन्दर्भमा यहि कुराहरुलाई मध्येनजर गर्दा अहिले ल्याएको नीतिको सन्दर्भमा जुन ५६ बुदे छ । र यसबाट के देखिन्छ भन्दाखेरि अलिकति एउटा केहि कुराहरु राम्रो पक्ष धेरै कुरा ल्याउन खोजिएता पनि विगतको जो समिक्षा र विगतको जो वितरणमुखि कुराहरु थिए त्यसलाई कार्यान्वयन हुने अवस्थामा म देख्दैछु अहिले किन भने म जस्तो शुरुमा हेर्दै छु यहा सुरुमा हेरिराछु कमसेकम ४ वटा बुदाहरु १ देखि ४ वटा सभामुख महोदय, यसमा धेरै कुराहरु समेटिएको देखिन्छ । त सरसरती यकैचोटि तल जादा यि जतिपनि ५६ बुदा मध्येको जो ५ नं.को बुदामा म हेरिराछु यसमा चाहि नेपालको संविधानमा उल्लेखित मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा आगामी आर्थिक बर्षमा बजेट निर्देशित हुनेछ भन्या छ । बहुतै राम्रो कुराहरु यहा राखिएको छ । अब झण्डै झण्डै ३१ वटा मौलिकहकका कुराहरु छन् । ती कुराहरुलाई साच्चिकै कसरी कार्यान्वयनमा लाने कसरी योजनामा ढाल्ने भन्ने सन्दर्भमा त्यति प्रष्ट तलतिर भेटिदैन । त्यसै सन्दभमा अर्को ६ नं.मा छ म बुदागत रुपमा गइरहेको छु । प्रदेशको सवाल र सक्षम अर्थनीतिको आधारशिला स्थापना गर्नको लागि यो जुन बजेट निर्माण गर्ने कुराहरु छ यसका चाहि राज्यका निर्देशित सिद्धान्तहरुमा चाहि आधारहरु के हुन ? कस्ता कस्ता हुन सक्छन् त्यसले विगतको अनुभवबाट के शिक्षा लियौ । पाठ लियौ ती कुराहरुलाई चाहि सामन्जिस्यता गरेको यहा पाइदैन । त्यसैले खुला यि कुरा ७ नं. मा त ठिकै छ । अर्को यहि सन्दर्भमा माननीय सभामुख महोदय, अब यि झण्डै झण्डै १५ वटा बुदा सम्मको कुराहरुमा केहि कुराहरु मिल्छ । त्यसपछि जब उहाले चाहि यो एउटा चाहि जब आउछ कहा भन्दाखेरि उद्देश्यहरुको सन्दर्भमा उद्देश्यहरु आउनु अगाडि उहाले नीतिमा कमसेकम के बिर्सियौ त विगतमा त भनियो यो शुरुको सिकाई हो, शुरुको बर्ष हो भएको हुनाले हामी यसरी जान्छौ भन्यौ तर कमसेकम कस्तो हो त के दुरदृष्टि हो त हाम्रो साच्चिकै गन्तव्य के हो त ठिक छ अघि पूर्ववक्ता माननीयज्यूले भन्याजस्तै मानवविकास सुचांकको कुरा होला, यि कुराहरु चाहि नेपालको मानव विकास सुचांक र सुदूरपश्चिमको मानव विकास सुचांक अब कसरी त्यहासम्म पुग्ने छ । समग्रमा भन्ने सन्दर्भमा के दुरदृष्टि छ त त्यो दुरदृष्टि चाहि यहा स्पष्ट नै छैन । त्यसपछि अर्को छ लक्ष्यको सन्दर्भमा पनि कुरा गरिएको छैन । जस्तो लक्ष्यमा त के हुन्छ विकासको दिर्घकालीन लक्ष्य के हो त ? ठिक छ अल्पकालिन रुपमा हामी सबै सांसदहरुले, आआफ्नो तहले खुशी पारुला उनका योजनाहरु समावेश गरौला तर त्यसले साच्चिकै दिर्घकालिन रुपमा के ईम्प्याक्ट पर्छ त्यो दृष्टि जहा हामी उद्देश्य जहा जान खोजेका छौ त्यहा पुग्नलाई त्यो योजनाहरुले सहयोग पुग्छ कि पुग्दैन त्यस्तो नीतिहरु यहा अवलम्बन गरेको मैले बुझेको छैन । त्यस कारण चाहि त्यसको सँग सँगै राजनैतिक हिसाबले पनि यस्तै चाहि विकासको दिर्घकालिन लक्ष्यहरु राख्दा, यस्तो रणनीतिहरु अवलम्बन गर्दा यसरी चाहि हाम्रो दुरदर्शि भोलीको चाहि लक्ष्य प्राप्त हुन सक्छ भन्ने सन्दर्भमा यहा देखिदैन माननीय सभामुख

महोदय, त्यसको साथ साथै मैले यसमा धेरै डिटेल जादैन अर्को बजेटको उद्देश्यहरुको सन्दर्भमा पनि अहिले त हामी सँग झण्डै झण्डै सभा बर्ष भन्दा नाघि सक्या छ झण्डै दुईवटा योजनाहरु हामीले कार्यान्वयन गर्ने फाईनल गर्ने स्थितिमा छ यसबाट के भन्दा खेरि अब के मा प्राथमिकता दिने त कस्तो उद्देश्य जस्तो तपाईहरुले हेर्नुहुन्छ भने पर्यटनको सन्दर्भमा यहा राख्न चाहि राखिएकै छैन । जस्तो सुदूरपश्चिमको हेर्दा खेरि बास्तवमा कैलाशको नजिक भएको प्रदेश जग भएको नाताले कैलाश सँग आवद्ध कुराहरु धेरै गर्दा यहाको धार्मिक पर्यटनको चाहि धेरै ठुलो कुराहरु छ । त्यसको साथ साथै जलस्रोतको बारेमा सबै भन्दा नेपालको बढी जलस्रोत भएको प्रदेश भनेको ७ नं. नै हो ठिक छ अरु गरिबीका कुराहरु जाउला तर यो कहानिर चाहि कस्तो नीति ल्याउदा खेरि एउटा दुईवटा योजनाहरु पनि संचालन गर्न सकिन्छ कि सकिदैन बारेमा कुनै खालको यहा आएको छैन । अन्य योजना अरु कुराहरुको यहा ठिकै छ त्यसपछि गएर मैले यसै सन्दर्भमा जोड्न खोजिएको जस्तो एउटा यहि सुदूरपश्चिममा अझै पनि झण्डै झण्डै ८० देखि ९० प्रतिशत कृषिमा आवद्ध छ, पशुपालनमा आवद्ध छ विशेष गरि पहाडभेगमा कृषि र पशुपालनको कुराहरु छ । हिमालीभेगमा तर ५० प्रतिशत भन्दा बढी गरिबीको रेखामुनी छन् । पहाडका जतिपनि जनता हिमालका झण्डै एभरेजमा ४२ भनौला र तर समग्र रुपमा पहाडि भेगका मान्छे धेरै पछाडि छन् साथ साथै त्यस्तो ठाउमा कस्तो फोकस लक्ष्यहरु, योजनाहरु लिईन्छन त त्यो बारेमा प्रष्ट यहा देखिदैन माननीय सभामुख महोदय, जस्तो पहाडतिर त धेरै ५० प्रतिशत गरिबको रेखामुनी छन् भन्ने हो भने त त्यहा ब्लाङ्केटमा फोकस गरेर काम गरे भो तराईको हकमा के छ भन्दा खेरि तराई पकेट एरियाहरु विशेष गरि कस्तो कस्तो ठाउमा गरिबी छ, कस्तो कस्तो पकेटमा कस्तो गरिबी छ किन भने कैलाली जस्तो ठाउमा मलाई याद छ २ लाख ५४ हजार गरिबीको रेखामुनी छन् अर्को यहि चाहि गेटा झण्डै झण्डै २८ प्रतिशत गरिब भनेको एकदम कम राम्रो क्वालिटि भएको ठाउ छ भने यहि माथि अर्को हाम्रो त्यो ठाउँ छ त्यसलाई खैराला भन्छ त्यो खैरालामा झण्डै झण्डै ६२.०६ प्रतिशत गरिबीको रेखामुनी छ । कैलाली मात्रै हेरेर भएन त्यसकारण योजना नीतिहरु ल्याउदै गर्दा त्यस्ता त्यस्ता पकेटहरु जुन पकेटहरुमा जो योजनाहरु ल्याउदा खेरि त्यहाको आर्थिक उन्नती हुने, त्यहाको विकास हुन्छ भने त्यसरी मात्रै समग्र रुपमा प्रदेशको विकास हुन्छ भन्ने मेरो म आफ्नो गरिमामय सभालाई भन्न चाहान्छु । अर्को सुदूरपश्चिम यो प्रदेशलाई योजनाबद्ध विकासलाई प्राथमिकता दिन अनिवार्य भएको छ अब योजना भन्यो अब हाम्रो अर्थमन्त्रीजी बणे सालिन हुनुहुन्छ मेहनत गरेर ल्याउनुभाछ अर्को योजना आयोगको अध्यक्ष पनि उहा हो जस्तो लाग्छ मलाई अब झण्डै झण्डै पहिला अल्पकालिनमा कमसेकम हामीले भन्यौ यहि मन्चबाट भन्यौ माननीय सभामुख महोदय तर चाहि अहिले सम्म खै विधेयक ल्याएको योजना आयोगको बारेमा लोकसेवा आयोगका कुरा उठिराछन्, प्रहरी ऐनका कुराहरु उठेका छन् तर कमसेकम खै त यो योजना साहेद मलाई लाग्छ यत्रो दुईतिहाईको सरकार आएको बेला अहिले सम्म त योजना आयोग बनिसक्नु पर्ने । योजना आयोग मार्फत योजनाहरु गएको भए विधिसम्बत हुन्थ्यो र आज जनताहरुले साच्चिकै आशा गरे अनुसारको योजनाहरु ठाउँ ठाउँमा पुग्थ्यो आज अर्थमन्त्रीज्यूलाई ... आफ्ना कार्यकर्ताहरुले घेरेका हुन्छन, माननीयज्यूहरुले घेर्या हुन्छन त मलाई लाग्छ उहालाई जतिसुकै उहा एकदम ट्यालेनटेड भए पनि मलाई लाग्छ उहाले सक्नुहुन्छ जस्तो लाग्दैन । जसको कारणले सुदूरपश्चिम प्रदेश बहुतै तल तल धस्दै धस्दै गाछ र कुनै पनि योजनाहरु कार्यान्वयन हुने अवस्थामा छैनन । खर्च पनि हुन सक्दैन भन्ने ठम्याई छ हाम्रो त । अर्को चाहि मानव विकासको समष्टिगत दृष्टिका बारेमा हामी बारम्बार भन्छौ किन भन्छौ त भन्दा खेरि यो भन्नुको कारण यो संख्या, यो प्रतिशत देखाउनुको कारण के हो भने सुदूरपश्चिम पछाडि छ त्यो नेपालको

एभरेजमा पुग्नलाई के उपाय गर्नुपर्छ, त्यस सँग सम्बन्धित कस्ता कस्ता रणनिति लिदा खेरि यहाको साच्चै मानव विकास सुचांक बढ्न सक्छ र नेपालको ०.५१४१ हुन सक्छ भन्ने सन्दर्भमा अब यो कुराहरुलाई सरल डेटा भन्यो भन्ने होला तर मलाई लाग्छ यो सूचनाले धेरै महत्व राख्छ । यसलाई चाहि योजनासँग जोड्नु पर्छ । समाविष्ट गर्नुपर्छ अनि त्यसपछि बल्ल माथि बढ्न सक्छ । त्यसपछि चाहि अर्को कुरा आउछ । अर्को औषत आयुको कुराहरु गर्दा मान्छेहरु के भन्छ नेपालको हिसाबले सुदूरपश्चिमको आयु कम छ नेपाली यहाको त्यो किन त भन्दाखेरि यहाको स्वास्थ्यको कुरा आउछ स्वास्थ्य राम्रो नहुदा यहाको खानेकुराहरु यहाको खाद्यान्न जुन छ कस्तो किसिमको खाद्यान्न खादा मान्छेको स्वास्थ्य बढ्न सक्छ ? कस्तो स्वास्थ्य सुविधाहरु बढ्न सक्छ यि कुराहरु हुन्छन त्यस कारण यो सन्दर्भमा पनि यि कुराहरुले पनि यि सुचांकहरुलाई बहुतै गम्भिर तरिकाले हाम्रो माननीय मन्त्रीजीले सुनुन र त्यो अनुसारको योजना बनाउनको लागि नीति ल्यायो भने मलाई लाग्छ हामी तपाईलाई धन्यवाद दिन चाहान्छु । होईन सरसरती माननीयजीले भने नजिकका भन्यो आफ्नो पार्टिकालाई ल्यायो सरसरति हाल्यो तर दुरगामी प्रभाव यसबाट पर्दैन बरु अध्योगतिमा जानसक्छ । त्यस कारण चाहि माननीय सभामुख महोदय मार्फत यसमा चाहि विशेष ध्यान दियोस । शिक्षा र ज्ञानको स्तर यि सबका सुचांकहरु छन् शिक्षा, सीप, ज्ञानको स्तर कस्तो हुनुपर्ने यो सुचांकले हामीलाई के दिन्छ त भन्दा खेरि कमपायर गर्ने हो यसरी नेपालको कस्तो स्थिति छ त्यसले अरु प्रदेशको कस्तो छ । र सुदूरपश्चिमको धेरै ठाउमा पछाडिनै छ सबै भन्दा पछाडि छ । त्यस कारण त्यो अवस्थामा पुग्नलाई के के टुल्सहरु युज गर्नुपर्छ त्यस सन्दर्भमा यो नीतिले प्रष्ट रुपले भनेको पाईदैन । आर्थिक जिवनस्तरको कुरा आउछ फेरी ग्रसडोमेटिष्टक प्रभावको कुरा आउछ जस्तो अर्को जि.एन.आई भन्छ अंग्रेजीमा भए पनि यो ग्रस चाहि नेशनल ईनकमको कुरा आउछ जो साच्चिकै सुदूरपश्चिममा चरम उपेक्षाको हिसाबले पछाडि परेको छ त्यसमा चाहि विशेष गरेर अहिले बनेको सरकारले बनाउदाखेरि यसमा ध्यान दिन सकोस भन्ने मेरो अनुरोध गर्न चाहान्छु । अर्को सुदूरपश्चिमका जिल्लाहरुको मानव सुचांकहरुको सन्दर्भमा मैले केवल डडेल्धुरा र कंचनपुरको हकमा अलि राम्रो छ तर अरु अरुमा छ यहा गा.वि.स.हरु सहित छ म यहा भन्न चाहादैन माननीय मन्त्रीज्यूलाई दिन सक्छु । कमसेकम धेरै गा.वि.स.हरु गाउँपालिकाहरु चाहि गरिबीको पछाडि सबभन्दा पछाडि देशकै दाजोमा पछाडि छन् । त्यो बारेमा म धेरै नबोलम अब यहि सन्दर्भमा मैले जोड्दा एक दुईवटा कुराहरु म भन्न चाहान्छु यहा के भन्दा खेरि जस्तो एउटा के छ भन्दाखेरि अहिलेको सन्दर्भमा हामीले हेर्नुपर्ने के हो भन्दा खेरि सम्पूर्ण कुराहरुमा यि जतिपनि ५६ वटा बुदाहरु ल्याएको छ । यसमा योजना त ल्याउने त्यसलाई कसरी कार्यान्वयन गर्ने त्यो योजना साच्चिकै उपयुक्त छ कि छैन भन्न के उपाय टुल्स युज गर्नुहुन्छ । मलाई लाग्छ अहिलेको विद्यमान, अहिलेको मन्त्रालयमा भएको म्यानपावरले त्यो गर्ला जस्तो मलाई लाग्दैन म ठोकुवाका साथ भन्छु माननीय सभामुख महोदय यहि प्रकृतिबाट अगाडि जाने हो भने यो प्रदेशको हालत के होला म भन्न सक्दिन किन भने कुनै पनि योजनाको के हुन्छ । त्यसको सवल पक्ष के हो त्यसलाई सर्ट एनालाईसिस भन्छ अंग्रेजीमा सवल पक्ष के हो ? त्यसको कमजोरीहरु के हो ? त्यसको मौका के छ ? त्यसमा के के जोखिमहरु छ ? त्यो एनालाईसिस गरेपछि ल्याएका योजनाहरु कहिल्यै असफल हुदैनन । त्यस कारण यसलाई चाहि अवलम्बन गर्नलाई त्यहि अनुसारको म्यानपावर चाहिन्छ त्यसैले यहा प्रादेशिक योजना आयोग चाहि ईमिडेटली मलाई लाग्छ छिटोमा छिटो ल्यावस त्यसमा चाहि कमसेकम ढीलै भए पनि कमसेकम राम्रो हुन्छ भन्ने हामी चाहान्छौ । अर्को यसै सन्दर्भमा के छ भन्दा खेरि यो प्राथमिकता दिने कुराहरु देखि लिएर जस्तो खानेपानिका कुराहरुमा के छ भने यो नेपालमा २०१९ पछि सबैले

खानेपानि पाउनेवाला छ भन्या छ । यसमा त सिम्पल छ कुनै माननीयले योजनाहरु खानेपानि सम्बन्धी ल्यायो भने त्यसलाई चाहि प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ । किनभने राष्ट्रिय लक्ष्य नै त्यो छ । त्यसलाई राष्ट्रिय लक्ष्यहरुलाई, संघीय लक्ष्यहरुलाई पनि हामीले कत्तीको समायोजन गरिराछु, कार्यान्वयन गरिराछु त्यो बहुत यो नीतिमा प्रष्ट हुनुपर्छ जस्तो लाग्छ । त्यसपछि अर्को कुरा के छ भन्दा खेरि सुदूरपश्चिमको एउटा धेरै हिसाबले पछाडि परेका कुराहरु आउछन् । सामाजिक हिसाबले तर अर्को एउटा बहुतै गम्भिर कुरा के देख्दैछु भन्दाखेरि यहाको अव्यवस्थित बसोबास आज राष्ट्रिय बनहरु मात्रै होईनन सामुदायिक बनहरु मात्रै होईनन कलेज देखि लिएर स्कुल देखि लिएर विभिन्न ठाउँहरुमा गरिबहरुले ठाउ नपाए पछि त्यहा बसिरहेका छन् त्यसलाई व्यवस्थित कमसेकम व्यवस्थित रुपमा योजनाहरु दिर्घकालिन रुपमा ल्याउन सक्यो भने यहि सालबाट शुरु गरे के होला त्यसमा म माननीय सभामुख महोदय मार्फत ईमिडेटली यसको बसोबासको व्यवस्था बसोबास पनि केवल दुई कट्ठा दिने, दुई लाख दिने होईन कमसेकम एउटा प्याकेट एरियामा कमसेकम सय दुईसय चार सय परिवारलाई राखेर त्यहा स्वास्थ्य सम्बन्धिको किन भने मौलिक हक अधिकारका कुराहरु जो ३१ वटा बुदाहरु छ संविधानमा उल्लेख भएको ती केवल लेखिएका मात्रै होइनन त्यसलाई सरसरति हामीले पालना गर्नलाई त्यहि अनुसारको योजनाहरु तर्जुमा गर्नुपर्छ तिनलाई बल पुग्ने योजनाहरु समेटेर ल्याउनुपर्छ त्यस कारण चाहि त्यसमा चाहि विशेष मुक्तकमैयाका कुराहरु छन्, मुक्त कमलरीहरुका कुराहरु छन्, मुक्त हलियाका कुराहरु छन् तिनलाई पनि व्यवस्थित बसायो भने त्यसले धेरै ठुलो सघाउ पुऱ्याउछ भन्ने म अनुरोध गर्न चाहान्छु । अर्को यहि सन्दर्भमा प्रदेश प्रदेश बीचमा जतिपनि योजनाहरु बनाउदा यो नीतिमा प्रष्टै हुनुपर्थ्यो दुई मिटर बाटो, सय मिटर कल्भट, १ मिटर ग्रावेल भन्ने खालको भन्दा पनि कमसेकम मिनिमम पचास लाख, साठि लाखका कोहि विशेष बाहेक योजनाहरु प्रदेशका हुनै पर्यो । त्यो कुरालाई विशेष ध्यान दिनुपर्छ जस्तो लाग्छ । अर्को कुरा के छ भनेपछि चुरे र भावरको साच्चिकै दोहन भैराछ । म फेरी भन्नुहोला राजधानीको बारेमा राजधानी उपयुक्त छैन म भनुला तर ललिल दिउला तर संवैधानिक हिसाबले तपाईले पास गरिसक्नु भा छ त्यसको बारेमा म अब कति भनु तर एउटा कुरा चुरे साच्चिकै कैलाली, कंचनपुरलाई अपठ्यारो पर्दैछ । तपाई जानुस जाजा रोड छ त्यहा डोजर हिडेको छ त्यस कारण यसमा चाहि माननीय बन मन्त्रीज्यू लगायत माननीयज्यूहरुले बहुतै गम्भिर तरिकाले जानुस त्यहि अनुसारको नीति यहा ल्याउनुस भन्ने म यहा भन्न चाहान्छु । अर्को कुरा के छ भनेपछि एउटा प्रष्ट के छ भनेपछि हामी तछाड मछाड गरि योजना चाहियो भन्छो तर कमसेकम नीति यस्तो हुनुपर्यो जब ३२ वटा ……… छन् भने ३२ मा यो के के चाहिने नि प्रष्ट छ नि खेलकुद सम्बन्धीमा, शिक्षा सम्बन्धीमा, स्वास्थ्य सम्बन्धिमा यि कुराहरु चाहि आधारभुत मौलिकहक सम्बन्धीमा जोडिएका कुरा हुनाले हाम्रो प्रदेशले प्रष्ट रुपले ३२ वटा निर्वाचन क्षेत्रहरुमा यो यो यो हुनुपर्यो । त्यहा भित्र यो यो व्यवस्था हुनुपर्यो भने डेफिनेटली सबैलाई समानुपातिक हिसाबले काम गरेको देखिन्छ । अन्यथा अनुहार हेरेर आफ्नो पार्टिको मेरो, तेरो भन्ने यदि यो हालत आइरहेको छ खर्च गर्न नसक्ने त्यसैले अन्तमा दुइचारवटा कुरा सम्बोधन गरेर जान चाहान्छु । एउटा के छ यहि सन्दर्भमा बजेट खर्च नहुदा यसले ठुलो प्रदेशलाई गारो परेको छ । यसले सुदूरपश्चिम मात्रै होइन अरुमा पनि भयो होला यसले के गर्छ अर्को सालमा दिईने बजेटमा पनि अब कटौति हुने किन कि यहाको संक्षिप्त कोषलाई ध्यान दिएर अब दिने बजेटहरुमा जोडेर पठाउने हुनाले यो साल गर्नु पर्ने काम नगरे अब यो सालमा पनि जोड्ने हुनाले एक बर्षको बजेटले ३ बर्ष सम्म २ बर्ष चलाउनु पर्यो भने के हुन सक्छ । म अन्त्यमा अर्को कुरा के छ भने यो सांसद विकास कोषको सन्दर्भमा बहुतै गम्भिर भएर अहिलेको मन्त्रीमण्डलले ध्यान दिवस र समानुपातिकलाई पनि विभेद

नगरोस उनलाई पनि कसरी हुन्छ । विकासि प्रक्रियामा अगाडि बढावस त्यो अनुसारको बजेट विनियोजन होस भन्ने म अनुरोध गर्न चाहान्छु । अर्को प्रदेश योजना आयोगको गठन विगतमा भैरहेको आवधिक योजनाहरु विशेष गरि ती योजनाहरुलाई निरन्तरता कसरी दिने हो ति योजनाहरुलाई त्यसमा विशेष ध्यान दिनुपर्छ त्यस अनुसार नीति ल्याउनुपर्छ विगतको आ.व.मा अवलम्बन गर्ने बजेटका योजनाहरु अफ्र पनि म भन्छु विशेष गरेर समिक्षा गरेर तपाई हामीलाई जानकारी दिनुहोस हामी पनि तपाई जस्तै यहि पार्ट अफ यहि प्रदेश सभा कै पारिवारिक सदस्य हो हामी हरेक कुरामा सहभागि हुन सक्छौ होईन भने यहि प्रकृति भो भने तपाईले गल्ति गर्दै जाने, काम नगर्ने भोली गएर दोष हामीले किन पाउने त्यस कारण मलाई लाग्छ यो समग्र रुपमा प्रदेशको उन्नती, प्रगतिको लागि यि कुराहरुलाई चाहि बहुतै गम्भिर तरिकाले आवस भन्न चाहान्छु । अर्को यो कर्णालीमा यो के छ भने धेरै ठुलो जग्गाहरुको चाहि रिक्लेनेशनको कुरा छ रिक्लेनेशनको कुरा भनेको के भने फ्रण्डै हजार बाह्रसय हेक्टर जमिन कर्णालीमा चाहि छुट्टीएर बसेका छन् । त्यसलाई पनि विशेष नीति ल्याएर त्यो हजारौ विगाहलाई अफ्र पर्यटकिय हिसाबले प्रयोग गर्न सकिन्छ । त्यहा धामहरु बन्न सक्ने सम्भावना छन् ठुलठुला, रिसोर्टहरु बन्न सक्ने सम्भावना छ जमिनको स्क्यानसिटि भएको हुनाले विशेष नीति ल्याएर त्यस्ता चाहि जो नदीले गर्दा बहावले गर्दाखेरि हजारौ विगाहा जो छुटिएका छन् तिनलाई रिक्लिन गर्ने योजनाहरु पनि मैले देख्या छैन । त्यसै गरि नर्थ साउद कनेक्टीभिटी हाम्रो सुदूरपश्चिमको सबै भन्दा महत्वपूर्ण म टिकापुरको ... भएर आउला मलाई त्यहाको मात्रै सबै स्कुल, कलेज, बाटो घाटोको पैसा मागुला तर उत्तर दक्षिणको बारेमा बोल्ने को हो , आज सेती लोकमार्गको बारेमा कैलाश सँग जोड्ने उरैलेकमा चाहि एउटा चाहि त्यहा कसरी चाहि एउटा गुरुयोजना बनाएर चाहि कहिले बनाउने हो त्यसको नाका कहा खोल्ने हो त्यो संघीय सँग जोडिएको कुरा त्यो कुरामा ध्यानदिनुपर्ला जस्तो लाग्छ । र अन्त्यमा यहा गरिबीहरुलाई बनाउनलाई यो संघीय जतिपनि नीति कानूनहरुले गर्दा बैंकहरुले दिने गरिबहरुलाई जुन छ समान हिसाबले पैसा छुट्याएको छैन । ..... यसमा पुरै ईन्ट्रेसफि पुरै व्याज नलिएर वितरण गर्नुपर्छ । त्यसको लागि प्रदेश सरकार वा संघीय सरकारले दिनु पर्यो होईन भने गरिबी हटाउने भन्ने गरिबी सम्बन्धमा ध्यान नदियो भने कसरी बढ्न सक्छ । त्यसो हुनाले अर्को बीमा, कृषि र विशेष गरि कृषिमा र हेल्थमा अहिलेको सब भन्दा समस्या हेल्थ बास्तवमा हो त्यसको विमाको सन्दर्भमा बहुतै गम्भिर भएर अध्ययन गरियोस । यि कुराहरु अगाडि बढ्यो भने लाभ हुन्छ अन्यथा वितरणमुखि ।

माननीय मालामती कुमारी राना :- माननीय सभामुख महोदय, हामी केहि दिन देखि आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिमा छलफल गरिरहेका छौ । सभामुख महोदय, छलफल गर्नु अगावै हामीले २०७५।०७६ बजेटको समिक्षा गर्नुपर्ने थियो तर त्यो समिक्षा अहिले सम्म पनि भएको छैन सभामुख महोदय, किन भने ०७५।०७६ को बजेट जुन हाम्रो विनियोजन भएको छ त्यो अहिले सम्मको खर्चमा २० प्रशेन्ट मात्रै भएको छ । सभामुख महोदय, आषाढमसान्त आउनै पुग्यो अब आज चाहि १० गते २० दिन मात्रै बाँकी छ तर चाहि खर्च हुन सकिरहेको छैन सभामुख महोदय, कारण के हो यो कारण खोज्न अत्यन्तै आवश्यक परेको छ सभामुख महोदय, त्यस कारण ०७५।०७६ बजेटको समिक्षा गर्नु जरुरी छ सभामुख महोदय, हामी समिक्षा गरेर अगाडि बढ्दैनौ भने सभामुख महोदय, बास्तवमा कता कता हामीले सुन्ने गरेका छौ । देख्ने गरेका छौ यो सरकार संघीयता विपरित पाईला कदम जुन अगाडि चली रहेको छ सभामुख

महोदय, यो सरकार अब आगामी योजना मेरो शुभकामना मात्र आगामी योजना विधि प्रक्रिया अनुसार यो योजना आउनुपर्छ । गत बर्षको योजना विधि प्रक्रिया मिचेर ल्याईएको थियो सभामुख महोदय त्यसैले कार्यान्वयन हुन चाहि सकेन सभामुख महोदय, विगतका कमजोरी दोहोराउने काम नहोस सभामुख महोदय, केहि योजना म जानकारी गराउन चाहानछु । केहि योजना मन्त्रीपरिषद्बाट पास भएको थियो । सुन्नमा आयो लिस्ट पनि मैले ल्याएर हेरे एकदुई ओटा तर केहि दिनपछि मैले सम्झौता गर्न पठाउदा खेरि तपाईको योजना क्यान्सील भयो रे भनेर मलाई जानकारी आयो अनि मैले हामी के सांसदहरु चाहि म सांसद हो एउटा म पटक पटक हुदै आएको छु । ०७४।०७५ को योजना पनि तपाईहरुले दिनु भएन ०७५।०७६ को पनि योजना एउटा दुईवटा मात्रै पारिदिनु भा को मन्त्रीपरिषद्बाट पास भएको योजना पनि तपाईहरुले क्यान्सील गर्नु भएको छ । अनि यो तालले तपाईहरु अगाडि बढ्नुहुन्छ भने बास्तवमा तपाईहरु चाहि यो प्रदेश, यो संघीयता विपरित तपाईहरु हिडिराख्नु भएको छ । हामी सांसद हौ तपाईहरु चाहि ४० करोड, १६ करोड यो चाहि माननीय मन्त्रीज्यूहरुको क्षेत्रमा निर्वाचन क्षेत्रमा परेको छ । के हामी तपाईहरुको तमासा हेर्न आएका छौ भन्छन् राजा नाचे तमासा कौन देखे हामी के त हामी सांसद हौ । हामी तपाईहरुको तमासा हेर्न आएका छौ त्यस कारण गम्भिर सँग सोच्नु पर्छ यो पालि सरकारले ५३ जना सांसदलाई बराबरी गरेर चाहि योजनाको बाडफाड गर्नुपर्छ सभामुख महोदय, सुन्नमा आएको छ । योजना दिने म्याद ६ गते नै सकियो रे यो सूचना कहा थियो ? कसले दियो ? ६ गते योजना दिने म्यादै सकियो रे सांसद हामी सांसद हौ सांसदहरुलाई जानकारी नदिई योजना सकियो यो कस्तो नियम हो ? कहिले यो नियम बनाएको हामीलाई थाहा छैन । त्यस कारण यस्तो चाहि त्रुटिहरु यो सरकारले गर्यो भने नतिजा नराम्रो हुन पनि सक्छ सभामुख महोदय, हामीले समृद्ध देश सुखी नेपालीको कल्पना गर्छौ सभामुख महोदय तर बजेट दिने बेला मुलढोका नभई कता कतै झ्यालमै बनाउनलाई हामी प्राथमिकता दिई रहेका छौ । अनि समृद्ध देश सुखि नेपालीको हामी कल्पना गर्छौ यो सरकारको जुन नारा छ यो नारा चाहि अब चर्काचर्कि हुदै गइरहेको छ सभामुख महोदय, शिक्षामा अहिलेको युगमा प्राविधिक शिक्षाको आवश्यकता छ सभामुख महोदय, शिक्षाबाट पछि परेका बर्गलाई उच्च शिक्षामा निशुल्क व्यवस्था हुनु पर्छ । सभामुख महोदय, सुदूरपश्चिम प्रदेशमा सबैलाई जानकारी भएको प्रदेश हो । कैलाली, कंचनपुर कैलाली, कंचनपुरमा थारु समुदायको यो जिल्ला हो यो कैलाली, कंचनपुरमा यसमा पहाडबाट थुप्रै पहाडि समुदायका दाजुभाईहरु पनि बसोबास छ । त्यसमा हाम्रा दलित समुदायका बच्चा, मुस्लीम, राना थारु, कठरिया, थारु, राजी, सोनाहा, राउटे पछि परेका बालबच्चाहरुको लागि प्रोत्साहन शिक्षाको भत्ताको व्यवस्था गरियोस सरकार म सुझाव दिन चाहान्छु । किन भने म सरकारलाई धन्यवाद दिन चाहान्छु । जो दलितका बालबच्चाहरुलाई पढाउनका लागि, स्तरोन्नतीको लागि प्रोत्साहन भत्ताको जो व्यवस्था गरिएको छ त्यसै अनुसार त्यो एकदमै राम्रो हो स्राहनिय हो त्यसै अनुसार यि पछि परेका बालबच्चाहरु पनि धेरै पछि परेका छन् प्रमाणित छ थारुहरुका बच्चा जागिरमा छैनन, पुलिस प्रशासनमा छैनन छन् भने बढी भन्दा बढी हाम्रा पहुच भएका बालबच्चा पहाडि समुदायका नै छन् । त्यस कारण थारु बच्चा, राना थारु बच्चा, कठरिया, राजी, सोनाहा, खोनाहा र राउटे बच्चाहरुलाई शिक्षाको लागि प्रोत्साहन भत्ताको व्यवस्था गरियोस । ९ जिल्लामा सुविधा सम्पन्न अस्पतालको व्यवस्था गर्नुपर्छ सभामुख महोदय, चुनावको समयमा हाम्रा ठुला ठुला नेता जो आफुलाई ठुला नेता ठान्ने उहाहरुले दोहोरि गरिराख्नु भएको थियो तर अहिले उहाहरुको दोहोरी नारा विलाएर गएको छ सभामुख महोदय, त्यस कारण मेरो अनुरोध छ यो नीति तथा कार्यक्रममा ९ जिल्लैमा सुविधा सम्पन्न अस्पतालको व्यवस्था गरियोस । सभामुख महोदय,

कैलाली, कंचनपुरको जुन भुमि छ खेतियोग्य भुमि हो यो खेतियोग्य भुमिलाई केहि दलालहरुले प्लटिङ खण्डिकरण गरेर खेत विनास भैरहेको छ सभामुख महोदय, त्यस कारण यो खण्डिकरण रोक्नको लागि यो नीति तथा कार्यक्रममा आउनु पर्छ सभामुख महोदय, कृषिको लागि कृषि चाहि अहिलेको बैज्ञानिक कृषिको आवश्यकता हो सभामुख महोदय, कृषि बन्नलाई नहर, कुलो, डिपट्युवेलको व्यवस्था गर्नुपर्छ यदि नदी कुलो डिप ट्युवेलको व्यवस्था भयो भने दुई बाली धानको हामी उत्पादन दिन सक्छौ । नगदेबाली बाह्रै महिना हामी त्यसको उपभोग गर्न सक्छौ । सभामुख महोदय, विगतको योजनामा कृषिमा चाहि हाम्रो दुर्भाग्य जुन योजना दिदाखेरि हाम्रा सरकारले बास्तविक किसानको पहिचान गर्न सकेन सभामुख महोदय, धनगढी उपनगरपालिका वडा नं.१७ पथरिया गाउँ १६ विगाहा जग्गा जो किसानहरुले सामुहिक आलु खेति गर्ने भनेर किसानहरुले योजना पेश गरियो यो सरकारले त्यो योजना चाहि रद्धिको फोहरको टोकरीमा फालियो र पहुचवालालाएई झ्यालबाट योजनाहरु चाहि विनियोजन गरियो । सभामुख महोदय, कृषिमिटर बास्तवमा किसानहरुको पहिचान गरि ।

माननीय दिर्घ बहादुर सोडारी :- सभामुख महोदय, हाम्रो आगामी आर्थिक बर्ष २०७६।०७७ को पूर्व बजेटको उद्देश्य, प्राथमिकता, सिद्धान्त अर्थात प्रमुख नीतिहरुको बारेमा छलफल गर्दै छौ । छलफलको अन्तिमतिर छौ । सिद्धान्त भनेको विचार सँग सम्बन्धित हुन्छ । हामीले छलफल गरिरहदा सिद्धान्त दर्शन सँग सम्बन्धित हुन्छ । त्यसो भा को कारणले गर्दा यो सिद्धान्त, नीति, उद्देश्य भनेको सम्बन्धित सरकारको नीति, सम्बन्धित सरकार सँग राजनैतिक दलको नीति, उद्देश्य र मुलुको राजनैतिक नीति, उद्देश्य र राष्ट्रको नीति र उद्देश्य सँग सम्बन्धित विषय भएको कारणले त्यस सँग सम्बन्धित हाम्रो नीति आएको छ कि छैन भन्ने ढंगले कुरा गर्दा राम्रो ढंगले लेखिएको छ नीतिको आधारले कुरा गर्ने हो भने र हामीलाई थाहा छ सिद्धान्त विनाको व्यवहार अन्धो हुन्छ, व्यवहार विनाको सिद्धान्त लङ्गडो हुन्छ यो चर्चित भनाई हो । सिद्धान्त तय गरिरहदा, सिद्धान्त माथि छलफल गरिरहदा उद्देश्यहरु माथि छलफल गरिरहदा त्यो कत्तिको व्यवहारिक हुन्छ त्यसले परिणाममा के के ल्याउनछ भन्ने कुरा महत्वपूर्ण कुरा हो भन्ने कुरा यो कालामाक्सले भन्या शब्दलाई मैले जोड्या हो सिद्धान्त विनाको व्यवहार अन्धो हुन्छ, व्यवहार विनाको सिद्धान्त लङडो हुन्छ । र त्यसलाई आदर्श मान्ने राजनैतिक दलले मुलुकमा मुलुकभरी समृद्धि र सुखि नेपालको सपना हामी देखि रहेका छौ । हाम्रो प्रदेशमा पनि त्यहि कुरालाई लागु गर्न अगाडि बढीरहेका छौ । तर खास गरि हामीले हाम्रो संविधानमा समाजवाद उन्मुख संविधान मुलुकलाई अब समाजवादमा लैजाने प्रण हाम्रो संविधानले लिएको छ । कुनै राजनैतिक दलले मात्रै लिएको छैन संविधानले लिएको छ । संविधानको आदर्श त्यो छ तर संविधानको आदर्श अनुसारको बजेटहरु, व्यवहारहरु, कानूनहरु हामी निर्माण गरिरहेका छौ कि छैन यसमा केहि प्रश्नहरु खडा भैरहेका छन् । प्रश्नहरु खडा हुन थालेका छन् भै नै राखेका छन् त्यस कारण अब हामीले ल्याउने बजेट अब तत्काल आउदै छ हाम्रो नीति कार्यक्रम जुन नीति तथा कार्यक्रम बजेटले त्यो कुरालाई कत्तिको छुन्छ । तद्नुसारको हामीले पुजी निर्माण गर्न सक्छौ कि सक्दैनौ । बजेट निर्माण भनेको पूजी निर्माण गर्ने कुरा हो । तद्नुसारको पुजी निर्माण गर्न सकिन्छ कि सकिदैन हाम्रो अर्थमन्त्रीजीले यसो मिडियामा हामी हेर्दै थियौ करिब ३० अरबको बजेटको उहाले प्रक्षपण गरिरहनु भएको छ । गत आर्थिक बर्ष हामीले करिब २५ अर्ब बजेटको त्यो ढंगले अगाडि आयो अहिले २५ अरबको बजेट र संघीय बजेट र तल स्थानीय तहका बजेटहरुले के के कुरालाई छोयो । सिद्धान्त मात्रै हामी कुरा गरेनौ व्यवहारिक ढंगले त्यो मान्छेको जिवनस्तर उठाउने कुरामा हाम्रो बजेटले छोयो कि

छोएन ? व्यवहारले छोयो कि छोएन ? हामी दुईवटा बजेट त आईनै सक्यो छ यो तेस्रो बजेटमा जादै छु । तेस्रो बजेटको पूर्व छलफल गर्दै छौ । यसो कुरा गरि रहदा हामीले यसमा राम्रारी मर्थिकल ख्याउनु पर्ने कुरा छ । हामी एउटै डुङ्गामा छौ । सत्तापक्ष, प्रमुख पक्ष, यो प्रदेशमा भएका करिब ३० लाख जनता हामीलाई आशा भरोसा र कतापट्टी जादै छौ भन्ने हेरिरहेका छौ ३० अरबले हामीलाई त्यतापट्टी जनतालाई उत्साह ढंगले ल्याउने कुरा बजेट हामीले विनियोजन गर्न सक्छौ कि सक्दैनौ । प्राथमिकता हामीले तोकेका छौ । हामी भनिराख्या छौ पर्यटन, हामी भनिराख्या छौ उद्योग, हामी भनिराछौ सामाजिक न्याय तर बजेट अरु तिर भन्दा सबैतिर स्थानीय तहको बजेट र हाम्रो प्रदेशको बजेट पनि पूर्वाधार निर्माणको काममा बढी केन्द्रित छ । पूर्वाधार निर्माणको काममा केन्द्रित भैरहदा निर्माणहरु मात्रै विकास हो । विकासको बारेमै छलफल गर्नुपर्ने छ । अघिल्लो चोटि पनि हाम्रो माननीयले पनि कुरा उठाउनु भा थियो । नेपालमा विकासको बारेमा बहस गर्नुपर्ने अवस्था छ । ठुला ठुला घरहरु, ठुला ठुला विल्डीङहरु, ठुला ठुला शहरहरु निर्माण गरेर मात्रै के त्यो भित्र सामाजिक न्याय भैरहन्छ ? हामीले हेर्नुपर्ने छ ठुलाठुला घरभित्र भएका विभेदहरु, अन्यायहरु, शोषणहरु सामाजिक न्यायतिरको बजेट हामी विनियोजन भनिरहेका छौ सामाजिक न्याय सोसियल जस्टिज जसले सुखि नेपाली बनाउने छ । सुखि नेपाली भन्या समृद्ध नेपाल निर्माण तर सुखि नेपाली हुनका निम्ती त सामाजिक न्याय हुन अनिवार्य छ तर सामाजिक न्यायकोतिर बजेट छुट्टी राखेको देखिदैन । यतापट्टी अर्थमन्त्रीज्यू हेरिनै रहनुभएको छ । यतापट्टी ध्यान दिनुपर्ने छ । अहिले हाम्रो प्रदेशको कर्मचारीहरु आईरहदा कर्मचारीहरुको तलब पनि हामी आफै दिनुपर्नेछ । हिजो संघीय सरकारको मातहत थिए अहिले हामी कर्मचारी छैनन भनिराख्या छौ । कर्मचारीलाई थप प्रोत्साहन दिनु पर्ने छ । यदि कर्मचारी आउन मानीरहेका छैनन । खासगरि योग्य र क्षमतावान कर्मचारीहरु सुदूरपश्चिम भनेर अब सुदूर भन्ने ढंगले आइरहेका छैनन । आईरहेका पनि सुगमतिर र जहा बढी माल कमाउन पाइन्छ त्यतापट्टी मात्रै ध्यान केन्द्रितको अवस्था देखिन्छ । यस्तो भन्न हामी विवस छौ । यस्तो देखिन्छ । व्यवहारिक ढंगले त्यहि देखिन्छ । त्यसो भा को कारणले गर्दा एउटा कर्मचारीलाई कसरी सम्मानपूर्वक काम गर्ने बाताबरण सृजना गरेर हामीले हाम्रो २५ अरब गत आ.व.को बजेट, आगामी आर्थिक बर्षको ३० अरबको बजेटलाई कसरी कार्यान्वयन गरेर सक्छौ हाम्रा नीम्ति यिनै व्यवहारिक पक्षहरु र यिनै कुरालाई सैद्धान्तिक र दार्शनिककरण गरेर कामलाई अगाडि बढाउनुपर्ने अवस्था देखिन्छ । तर हामीले त्यो गर्न सकिरहेका छैनौ । हामी समाजवादउन्मुख जाने संविधानको लक्ष्य छ । ने.क.पा.को त्यसमा समाजवाद हुदै साम्यवाद जाने लक्ष्य छ तर समाजवादको प्रतिद्वोन्दी को हो ? अवरोध शक्ति को हो हाम्रो अवरोध शक्ति दलालपुजीवाद वा नोकरसापूजीवाद नोकरसापुजीवाद भनेको कर्मचारीहरु द्वारा केन्द्रित अहिले संघीयता जसरी निमोठि रहेका छन् । नाममात्रको संघीयता कार्यान्वयन गर्न अहिले पनि कर्मचारी आनाकानी गरिराछन् त्यसैलाई भन्छ नोकरसा र घुमिफेरि दलालीकरण हरेक ठाउमा दलालीकरण विचौलिया काम जसरी अगाडि बढीरहेको छ । मुलुकभरी अब यसलाई यो नै प्रतिद्वोन्दी हो खासगरि समाजवादमा जाने यो नै प्रतिद्वोन्दी हो । तर भै के राछ भने हाम्रा नीति, हाम्रा कार्यक्रमले जो हाम्रो प्रतिद्वोन्दीशक्ति छ त्यसैका वरिपरि रोमल्ली रहेको छ । त्यसैले चलखेल भैरहेको छ । जे प्रतिद्वोन्दीका विचमा जसलाई निशेध गरेर समाजवाद ल्याउनु पर्नेछ । तर समाजवाद भन्दापनि यो पूजीवादको भ्रष्टिकरण दलाल पुजीवाद र नोकरसापुजीवाद स्थापीत हुने दौडमा हाम्रो नेपाली समाज अगाडि बढीरहेको छ । यसमा हामीले रोक्नु पर्ने छ । त्यो कारण यो हाम्रो सिद्धान्त, उद्देश्य माथिको छलफल भएको कारणले गर्दा यतापट्टी हामीले ध्यानदिनुपर्ने छ खासगरि मुलुकलाई समृद्ध बनाउने, मुलुकलाई सुखि नेपाली बनाउने, सुदूरपश्चिमलाई समुन्नत सुदूरपश्चिम बनाउने जो

हाम्रो अठोट छ, जो हाम्रो लक्ष्य लिएको छ हामी त्यो गर्न सक्छौ कि सक्दैनौ अहिलेको हाम्रो विधिले संघीयता हामी नया नया अभ्यासमा छौ धेरै प्रश्नहरु खडा भैरहेका छन् । तर माननीय सभामुख महोदय, म भन्न विवश छु गत महिनाको १६ गते मर्यादाक्रम राजपत्रमा प्रकाशित भयो यो भन्दा अगाडि भएको थिएन । त्यो प्रकाशित भएर आइरहदा माननीय सभामुख महोदय हामी सभामुख नै भनिरहेका छौ, मन्त्रीजी नै भनिरहेका छौ, हामी पनि माननीय भनेका छौ । हाम्रो मर्यादाक्रम कहा पुगेको छ । एकपटक सबैले आफ्नो मर्यादाक्रम यसो पारित भएको भनेर हेर्दा टिठ लाग्छ कि यो संघीयतालाई संघीयता राख्ने योजना हो या मान्छेहरुको अपमान गर्ने योजना हो थाहा छैन यो मैले अब त्यस्तो जो मर्यादाक्रम तोकिएको छ त्यसले त्यस्तो देखाउछ । बर्तमान मन्त्री प्रदेश सरकारको मन्त्री जान्छ पूर्व माननीय प्रतिनिधी सभाको भेटिएपछि भाग्न पर्ने छ कि त उसको मुनी बस्नुपर्ने छ मन्त्रीले बर्तमान माननीय होईन पूर्व मन्त्री पूर्व माननीयका पछाडि भाग्नुपर्ने अवस्था खडा छ यस्तो गरियो भने त्यसको अवस्था सृजना के होला । हाम्रो सभामुख सभामुख महोदय, उपसभामुख महोदय कहि जानुपर्यो भने यो प्रदेश भरिको सभामुख प्रदेश र जनताले निर्वाचित गरेको सभामुख कोहि तिनै महापुरुष आए भने सभामुखले पनि भाग्नुछ सभामुख यो ढंगले जे पछिल्लो मर्यादाक्रममा आएको छ यसले संघीयतालाई घुमाउरो ढंगले प्रदेशलाई तिमिहरु ठिक ठाउमा बस है धेरै माथि चुरफुर नगर भन्ने ढंगले मर्यादाक्रम कायम भएको देखिन्छ । एवम् हामी सबै यसको बारेमा सत्तापक्ष, प्रतिपक्ष बुझेर संसदले एउटा संकल्पप्रस्ताव गर्नुपर्छ कि भन्ने मलाई लागेको छ किन कि नगर्ने हो भने तलबाट जनताले त्यसको मर्यादाक्रमलाई हेरेर पनि अब कसरी अगाडि बढ्छ भन्ने देखाउछ हाम्रा अगाडि यस्तो कुरामा संघ सरकार सँग पनि हाम्रो केहि अन्तरविरोधि हामी संघीयतालाई कार्यान्वयन गर्ने केहि विरोधहरु, केहि अधिकारहरु लिनका निम्ती सयुक्त ढंगले सबै लाग्नुपर्छ । यसो गरिरहदा कसैलाई रमाईलो लागिरहेको होला तर मुलुकलाई संघीयतालाई ठिक ठाउमा लैजाने अगाडि बढाउने हो भने ३० अरबको बजेट १५ मेघावाट विजुली मात्रै सृजना गर्नका निम्ती करिब करिब १० अरब रुपैया चाहिन्छ । हामी त अघि धेरै छलफलको कुरा गर्याछौ । हामी भनिरहेका छौ कि यति धेरै हाम्रा महत्वकांक्षा छन्, यतिधेरै योजनाहरु छन् । तर १५ अरबको बजेट हाम्रो दुई तिन बर्षको सबै बजेटले २० मेघावाट, ४० मेघावाट विजुली एकै विजुली निकाल्न मात्रै पैसा पुग्दैन । त्यहि कारण हामीले त्यो सबै स्रोतलाई, त्यो सबै लगानीलाई हाम्रो प्रदेशतिर ल्याउनुपर्छ । आखा नजर लगाउनुपर्ने छ । त्यसका निम्ती हामी अलि फराकिलो बन्नुपर्ने छ, सबै एकतावद्ध भएर बढ्नुपर्ने छ र प्रदेशलाई जसरी भुमिकामा अगाडि बढाउने कुरामा हामी सबैले यसको मर्यादालाई एकअर्काको मर्यादालाई प्रदेशवासिको मर्यादालाई हाम्रो सुखि नेपाली समृद्ध नेपाल बनाउने उद्देश्यलाई परिपूर्ति गर्ने काममा हामी लाग्नुपर्ने छ । तेहि कारणले यि सबै कुराहरुमा हामीले ध्यान दिएर र प्रदेशले खास गरि अर्थमन्त्रीज्यूले ल्याउनुभा को सिद्धान्तत सबै ठिकै छ राम्रै गर्नुभा को छ तर अब चाहि बजेटलाई विन्यास गर्दा अनुरोध के छ भने पूर्वाधारतिर मात्रै पूर्वाधार त हाम्रो विकासको विकास भनेको पूर्वाधार मानिन्छ तर पूर्वाधार मात्रै होईन अरु क्षेत्र पर्यटनको क्षेत्रमा यथेष्ट बजेट छुट्याएन भने अब गफ गरेर मात्रै पर्यटन हाम्रो एकमात्रै प्राथमिकता पर्यटन बजेट नभए पर्यटन हुदैन अब कृषिको कुरा धेरै हामी छुटेका छन् कृषि हामी कुरामा कृषिको हकमा पनि हामी त्यस्तै अवस्था देखिन्छ । तद्नुसार बजेट छुट्याएको देखिदैन अब सामाजिक न्यायको ओभरहल सामाजिक विकास मन्त्रालयमा पनि उसका पनि धेरै अपेक्षा छन् । यतापट्टी हाम्रो आकांक्षी विकासको आकांक्षा भौतिक पूर्वाधारमा पैसा छुट्याइ भा को छैन त्यो ढंगले मन्त्रीपरिषद्ले विभेदपूर्ण ढंगले यि सोसियल सेक्टरका न्यायको क्षेत्रको बजेटलाई राम्ररी ध्यानदिनु पर्ने छ । राम्ररी बजेट छुट्याउनु पर्ने छ र भएको बजेटलाई हामीले

दृढतापूर्वक आआफ्नो मन्त्रालयस्तरमा कार्यान्वयन गर्नुपर्ने छ । अब मेकानिजम गत आर्थिक बर्ष यो आर्थिक बर्ष तग आर्थिक बर्षमा हामीले केहि भनेर हामीले क्षमा पायौ हामी सँग यो थिएन, त्यो थिएन हामी सँग मेकानिजम थिएन भन्यौ अब हामीले सबै खाले मेकानिजम भैनैसकेको छ आगामी आर्थिक बर्ष धेरै ढंगले अगाडि बढ्नु छ । यसै गरि यि धेरै जनताका अपेक्षाहरुलाई जनताका मागहरुलाई खास गरि सिद्धान्त जसरी जनतालाई सुखि बनाउने कुरामा हाम्रो सरकारलाई गडगडाहत ढंगले अगाडि बढाउनका निम्ती तद्नुसारको बजेट निर्माण गर्नुपर्ने छ र बजेटले आशा जगाएर दृढातापूर्वक काम गर्नुपर्ने छ । यो कुरामा हामी सबै संसद एकजुट भएर अगाडि बढौ यति भन्दै विदा हुन्छु धन्यवाद ।

माननीय उमा कुमारी वादी :- सभामुख महोदय, हामी ०७६।०७७ को बजेटको सन्दर्भमा हामी आज छलफल गर्न ३ दिन देखि जुटि रहेका छौ । विगतको बजेटको नियत हेरेर त मैले आज समेत साच्चिकै गरेर योजना तयार हुदा हुदै पनि मैले दिएकी छैन वादी समुदायको हकहितका लागि कुनै पनि जिल्लाको वादीलाई यो प्रदेशभित्र मलाई सोध्यो भने मलाई जवाफ छैन । २०६४ सालमा ४८ दिन लामो आन्दोलन गरिसकेपछि पनि वादी समुदायको आवाज ज्यूको तिउ नै छ । अर्को कुरा वादी समुदाय प्रत्येक महिना त भन्दिन म तर महिनाको ३-४ महिना पछि प्रत्येक मन्त्रालयमा डेलिकेशन आई राखेको छ गैराखेको छ । पूर्व माननीयज्यूहरुले धेरै कुरा भनिसक्नु भो साच्चिकै गरेर अबको बजेट दलितका लागि छुटियोस, महिलाका लागि छुटियोस, वादीका लागि बनोस बन्ने मात्रै होईन कार्यान्वयन पनि हुनुपर्छ भन्ने मेरो आग्रह छ । यो भन्दा अगाडि जे भयो अब चाहि त्यस्तो नहोस यो मिल्छ मिल्दैन मैले भन्ने बोल्ने कुरा समानुपातिक माननीयहरुलाई हेर्ने दृष्टिकोण साच्चिकै सौताने व्यवहार भएको हो । हामी क श्रेणीका हौ त भन्दैनौ तर ग श्रेणीका पनि होईनम सभामुख महोदय, अरबौ, खरबौको बजेट प्रत्यक्ष माननीयज्यूहरुले पाउने समानुपातिक माननीयहरु साच्चिकै सुकम्बासि हुन त सुकुम्बासिको पनि व्यवस्था भा को छ तर हामी समानुपातिक माननीयहरुको त साच्चिकै रातो किताबमा आयो योजना अब त वादीका केहि दिन अन्त भए कि दुखका तर अझै चढ्दो दिन वादी समुदायले भोगी राखेको छ । सँग सँगै अपांङ्गको कुरा गरम यो प्रदेशमा ६५ हजार अपाङ्ग छन् साच्चिकै गरेर यो गरिमामय सदनमा मैले त्यो कुरा भन्न मिल्छ कि मिल्दैन तर साच्चिकै यो सरकार त भन्दिन तर हाम्रो नियत कतै अपाङ्ग हो कि साच्चिकै गरेर अपाङ्गका लागि हामीले ठोस कुनै पनि काम गर्न सकेको अवस्था छैन । त्यस्तै गरेर दलित १७ प्रतिशत दलितहरु यो प्रदेशमा छन् । हुन त छुवाछुट लाग्ला भनेर होला बजेट पनि नछुट्याएको किन भने यो प्रदेश छुवाछुट सारै गर्ने भा को हुनाले दलितका भोट चाहि चोखा छन् तर दलितका लागि चाहि कुनै किसिमको ठोस नीति या योजना देखेन । मैले अघि नै भने साच्चिकै गरेर मैले आज पनि सभामुख महोदय, हजुर सँग मेरो आग्रह छ हजुरकै घरछेउमा वादीहरुको पीडा यो प्रदेशका सबै माननीयज्यू, मन्त्रीज्यूहरुको छेउछाउमा वादीहरुको वस्ती, वादीहरुको घरगाउ छ । तर ... ठाउ वादीहरुले पाएनन त्यस कारण ०७६।०७७ को बजेटमा समानुपातिक माननीयज्यूहरुलाई पनि सम्मान गर्न हामी सिकौ र सम्मान होस भन्ने फेरी पनि मेरो आग्रह हो । अर्थमन्त्रीज्यू फेरी पनि मैले यो भन्दा अगाडि पनि मेरो अगाडि बस्नु भा थियो मुसुमुसु हास्नुभाथियो मलाई ठुलो आशा थियो साच्चिकै गरेर हामी समानुपातिक माननीयज्यू पछाडि पर्या बर्गलाई योजनामा तलमाथि होला तर नियतमा तलमाथि गर्नु हुदैन भन्ने विश्वाश मैले आज पनि राख्या छु । र साच्चिकै गरेर नहोस भन्ने अर्थमन्त्रीज्यूलाई पनि मेरो आग्रह छ । अर्को कुरा मैले

यो जानि नजानि बोल्दै छु । यो छात्रवृत्ति टिकाराम पार्कि छात्रवृत्ति दलितका नाउमा सरसम्मान सहित योजना आयो तर कतिजना दलितले पाए त अब घोषणा नगरौ काम चाहि असल गरौ साच्चिकै गरेर मलाई एउटा कुरो फेरी पनि भन्ने मन लाग्यो वादी गाउको अगाडि राम्रो बाटो बनाएका छम नि त्यति भए त वादीलाई पुग्यो नि असाध्य मलाई दुखः लाग्यो । ०७४।०७५ को बजेटमा वादीलाई धेरै पटक बोलीयो वादीहरुको पनि ईच्छा आशा धेरै रह्यो तर वादी आज पनि सिलाई मशिनका लागि तड्पीराखेका छन् । कुनै एउटा रोजगारीका लागि वादीहरु मात्रै नभएर राजि पनि त्रसिराखेका छन् । सोनाहा तड्पी राखेका छन् । कैलालीको बलचौरमा वादी समुदायको त्यतिठुलो बस्ती छ त्यहि बाटोमा माननीय मन्त्रीज्यू हिड्नु भा छ, प्रदेश प्रमुखज्यू हिड्नु भा को छ, मुख्यमन्त्रीज्यू हिड्नुभाछ सँगसँगै सभामुख पनि दुईचार पटक त हिड्नु भहोला, अर्थमन्त्रीज्यू हिड्नुभाको होला तर त्यो वादीलाई त्यो वादीको वस्ती बलचौरमा आज उठाऔ कि भोली उठाऔ भन्ने कुरा भा को छ । यो ०७६।०७७ को बजेटले वादीको स्थायी बसोबास पाउछ र वादीहरुलाई हामी अगाडि भन्ने गर्थिम एक घर एक रोजगार त्यो कुन प्रदेश हो ५ नं. प्रदेश हो जस्तो लाग्छ मलाई र यो प्रदेशमा चाहि दलितलाई, वादीलाई, राजिलाई, सोनाहालाई त्यस्ता सिमान्तकृत वर्गलाई, अपाङ्गलाई र महिलालाई पनि समेट्नु पर्छ । योजनामा पनि पार्नुपर्छ करोडौ करोड बजेट हामी खोजेका छैनम तर सुरुवात चाहि सानोबाटहोस सभामुख महोदय मैले बोल्ने क्रममा मैले बोल्ने क्रममा यो गरिमामय सदन भित्र आज मौका यस्तो पर्यो यो प्रदेशका कतिपय जिल्लाका वादीहरु हाम्रा अगाडि बसेका छन् । साच्चिकै गरेर उनिहरु आज यो पकरिया रुखको तल झण्डै झण्डै ३०-३५ जना वादीहरु थिए छन् अहिले पनि यो सदन भित्र पनि पछाडि बसिराखेका छन् । अनि ति वादीहरु जुन यौन शोषणमा बाध्यतावस फसेका दिदीबहिनीहरु यो सदनको गेटमा ५०० जना उभिए भने यस सरकारले के जवाफ दिने त्यस कारण यो ०७६।०७७ को बजेटमा वादीका लागि, राजीका लागि राम्रो सँग उनिहरुका लागि नीति तथा कार्यक्रममा यो योजना बनोस यो घर दियाछम वादीलाई भन्ने कुरा पनि आएको छ सभामुख महोदय, साच्चिकै वादीलाई घर त आयो तर हावा लागेर भित्तै खसिहाल्छ । त्यो घर वादीका लागि के काम बरु वडारै ठिक छ । साच्चिकै गरेर अनि दलितका लागि टिकाराम पार्कि छात्रवृत्ति हामीले दिएका छम हात पर्या छ कि छैन यो पनि बुझोस सरकारले अर्को कुरा हामी त महिलामैत्री सबै बजेट, योजना पारम्ला भन्ने कुरा धेरै पटक मैले सुन्यो खुशि पनि लाग्यो, हर्ष पनि लाग्यो साच्चिकै दलित भित्रको दलित वादी समुदाय हो दलित पनि त्यहि मारकामा छ मैले धेरै पटक यो कुरा उठाएको छु व्यक्तिगत मन्त्रालयमा गएर पनि आग्रह गर्याछु । वादी समुदायलाई, दलितलाई सामाजिक सुरक्षा भत्ताको ग्यारेन्टि गर्नुपर्छ । त्यसका लागि मैले के के तयार गर्नुपर्छ या महिला या समानुपातिक सम्पूर्ण माननीयज्यूहरु वादी समुदायका लागि लेख्नुहुन्छ तर सरकारले यो कुरा कार्यान्वयन गरोस किन भने बर्षौबाट पछाडि पर्या बर्ग उसले सामाजिक सुरक्षा भत्ता किन पाउछ भने जन्मजात उ मैले फेरी पनि यो बाध्यतावस भन्नु पर्छ उ एकलको प्रमाण खोज भन्ने कुरा आउछ उनिसँग एकलको प्रमाण पाउन सक्दैनन किन भने ३०० बर्षबाट पछाडि पर्या बर्ग उसले एकल महिलाको प्रमाण ल्याउन सक्दीनन र वादी समुदाय यस्तो समुदाय हो साहेद म अर्थमन्त्रीज्यूलाई केहि कुरा भन्न सक्नु सभामुखज्यूलाई भन्न सक्दीन उपसभामुखज्यूलाई पनि भन्दिन यहा बस्ने सम्पूर्ण आज यो गरिमामय सदनमा बस्ने माननीयज्यूहरुलाई पनि म वादीको अवस्था के कस्तो छ भनेर भन्दीन किन भने तपाईकै छेउछाउमा बसिरहेका वादीहरु छन् । अर्को कुरा अब साहेद ती दिन अन्त होस सुदूरपश्चिममा बस्ने दलितहरु पशुको होईन एउटा मनुष्यको सम्मान सँग आफ्नो दिनहरु बिताईराख्याछन् भन्ने कुराको अनुभुति गरोस र आउदो बजेट विगतका दिनको जस्तो बजेट नहोस

होईन भने मैले आज सम्म योजना दियाछैन सभामुख महोदय, मैले दिउ कि नदिउ भनेर सोच्दै छु साहेद मलाई विश्वास छ यसपालि ०७६।०७७ को बजेटमा अपाङ्गका लागि, दलितका लागि, वादीका लागि र सम्पूर्ण समानुपातिक माननीयलाई चाहि सम्मान हुनेछ भन्ने विश्वास राख्दै मेरा दुई शब्द यहि टुङ्ग्याए हवस धन्यवाद ।

माननीय बलदेव रेग्मी :- माननीय सभामुख महोदय, आर्थिक बर्ष २०७६।०७७ को विनियोजिक विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति सम्बन्धमा जुन सरकारले अर्थमन्त्रालयबाट यो प्रस्ताव पेश भएको विधेयक पेश भएको छ । यसमा धेरै मेहनत गर्नुभएको छ मन्त्रीज्यूले र यो विशेष त यो नीति अहिले प्रदेशभरीमा प्राय धेरै ठाउँ लागु भएको छैन । उहाले प्रिबजेट छलफलको नीति यहा अवलम्बन गर्नु भएको छ । यो धेरै महत्वपूर्ण र खुशिको कुरा हो । यस बारेमा हामी सबैले कुरा राख्न पायौ सिस्टममा जानु भएको छ यो बारेमा पनि मन्त्रीज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । त्यस पछि उहाले विशेषत राज्यको नीति तथा सिद्धान्त त्यसपछि संविधान र विभिन्न राज्यबाट पारित भएका ऐन, कानूनको परिधिमा रहेर जुन यो प्रिबजेट ल्याउनु भएको छ यो पनि आफैमा एकदम स्वागतयोग्य कुरा छ । कसरी आयो, के भयो, कसरी ड्राफ्ट भयो भन्ने कुरा त संविधान हामीबाट नै पारित भएको हो । नीति हामीले बनाएको हो त्यसको परिधिमा रहेर उहाले यो नीति ल्याउनु भएको छ । विशेष गरेर उहाले उत्पीडनमा परेको, पछाडि परेका क्षेत्र र वर्ग सम्पूर्णलाई उहाले नीति मार्फत समेट्नु भएको छ । र उहाले राज्यको मौलिक हकको सिद्धान्तलाई राज्यका निर्देशित सिद्धान्तलाई पनि उहाले समेट्नु भएको छ र यसरी उहाले जुन मेहनत साथ यो प्रिबजेट ल्याउनु भएको छ यसमा मेरो एकदम पूर्ण समर्थन छ धेरै राम्रो मेहनतसाथ ल्याउनु भएको छ । र उहाले विशेष गरेर आम प्रदेशवासिको हक, हितका लागि प्रदेशमा उद्यमशिल विकासका लागि लगानीमैत्री नीति ल्याउनु भएको छ । त्यस्तै उहाले प्रदेश योजना छनौटमा मापदण्ड निर्धारण गर्नुभएको छ । यो पनि एकदम आफैमा स्वागतयोग्य छ । त्यस्तै समन्वय र सहकारीको सिद्धान्तलाई पनि अविलम्बन गर्नुभएको छ । त्यस्तै निर्यातलाई प्रोत्साहन गर्दै आयातलाई विस्थापित गर्ने नीति लिनु भएको छ । उच्चशिक्षालाई प्राथमिकतामा राख्नुभएको छ । सभामुख महोदय, गरिबी न्यूनीकरण लक्षित कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिएको छ । स्थानीय स्रोत सिपमा आधारित रोजगार तथा स्वरोजगार मार्फत आय आर्जनमा वृद्धि गर्ने क्रियाकलापलाई प्राथमिकता तथा प्रोसाहन गर्ने नीति लिनु भएको छ । यातायात, संचार, खानेपानि, विद्युतिकरण लगायत आधारभुत विकासका बहुत प्रदेशको सबै क्षेत्रमा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकताका साथ सम्बोधन गर्नुभएको छ । शिक्षा, स्वास्थ्य, मानव विकास लगायतका सुचांकमा पछाडि परेका बाजुरा, बझाङ्ग, दार्चुला, अछामलाई पनि उहाले बजेटमा प्राथमिकतामा राख्ने कार्यक्रम ल्याउनु भएको छ । त्यस्तै यस क्षेत्र लामो समय रहेका विकृति, विसंगतिलाई पनि उहाले न्यूनीकरणका लागि यो कार्यक्रम ल्याउनु भएको छ । सभामुख महोदय, प्रदेशको विकास निर्माण र सेवा प्रवाहलाई जवाफदेहि, उत्तरदायि बनाउनका लागि उहाले प्रविधिको प्रयोग मार्फत सूचना तथा सेवा प्रवाहमा सुशासन प्रवर्द्धन टेवा पुऱ्याउने पनि यस प्रिबजेटमा संबोधन भएको छ । त्यसै गरेर विशेष गरेर जडिबुटिको क्षेत्रमा जैतुनखेति जो हाम्रो यो प्रदेशको एउटा महत्वपूर्ण रुपमा रहेको छ म केहि सुझाव दिन चाहान्छु । उहाले समेट्न यो कार्यक्रममा समेट्न आवश्यक छ त्यसै स्याउ, ओखर पकेट क्षेत्र जो मनाङ, पुस्ताङमा छोटो समयमा एक बर्ष, दुई बर्षमै फल्ने स्याउको अहिले उत्पादन भएको छ । त्यसलाई पनि पकेट क्षेत्र मार्फत पहाडि उच्च पहाडि क्षेत्रमा यो कार्यक्रम सम्बोधन हुन

आवश्यक छ । त्यसैले फलफुलमा अर्गानीक खेति, तरकारी खेतिमा अर्गानिक खेति प्रणाली जो कर्णाली प्रदेशले आफ्नो प्रदेश भरी मै अर्गानीक कृषि प्रणाली लागु भएको छ । त्यसैगरि यहा पनि सकेसम्म पहाडि क्षेत्र बचेको ठाउमा पनि अर्गानिक खेति प्रणाली लागु गर्न आवश्यक देखिएको छ । त्यस्तै पर्यटन हाम्रो ३२ वटा निर्वाचन क्षेत्रमा प्रदेशको निर्वाचन क्षेत्रमा पर्यटन गन्तव्यको रुपमा पर्यटन गन्तव्य क्षेत्र जो संघीय सरकारले सयओटा गन्तव्य क्षेत्र घोषणा गरे जस्तै यहा पनि ३२ ओटा निर्वाचन क्षेत्रमा पर्यटन गन्तव्य ३२ ओटा पर्यटन गन्तव्य छनोट हुन आवश्यक छ । त्यस्तै यो क्षेत्रबाट पर्यटनका सन्दर्भमा पहाडि क्षेत्रमा हवाई सेवा संचालनका लागि पनि आवश्यक नीति, कार्यक्रम आउन आवश्यक छ त्यस्तै निर्वाचन क्षेत्रमा विशेष नमुना विद्यालयहरु, त्यस्तै निर्वाचन क्षेत्रमा स्वास्थ्यका लागि एउटा नमुना हस्पिटल जो सामान्य उपचार पनि पाउन नसकेका विरामीले आफ्नो निर्वाचन क्षेत्रमा नै त्यो खालको उपचार पाउन सकिन्छ तर तराईको सँग सँगै जोडिएका निर्वाचन क्षेत्र छन् त्यो यहा लागु नहुन सक्ला तर पहाडमा ठुला ठुला भुगोल टाढा टाढाको भौगोलिक विविधताका कारणले निर्वाचन क्षेत्र अर्न्तगत स्वास्थ्यकेन्द्र, अस्पतालहरु सुविधा सम्पन्न अस्पतालहरु पनि आवश्यक देखिन्छ । त्यस्तै विशेष गरेर यो जडिबुटि पकेट क्षेत्र पनि घोषणा गर्न आवश्यक छ । यो पहाडि क्षेत्रमा हुने जडिबुटिलाई हाईटेक नर्सरि निर्माण गरि प्रत्येक परिवारलाई जडिबुटि खेतिमा लगाउन सकेमा आय आर्जनमा टेवा पुग्न सक्छ । विशेष गरेर यो कर्णाली हाम्रो नजिकै हाम्रो सिमानामा बगेको कर्णाली नदी छ त्यहा कर्णाली जलमार्ग संचालन गर्न सकेपछि त्यसले मुगु, हुम्ला, बाजुरा सम्मको यातायातमा एउटा नया यो क्षेत्र हाम्रो प्रदेशको एउटा नया विकासको आयोजना हुन सक्थ्यो र यो एउटा उदाहरण हुन सक्छ । त्यसैले त्यहा विशेष रारा सम्म  जानलाई चिसापानि देखि रारा सम्म जादा त्यहा पर्यटकीय हिसाबले पनि अति महत्वपूर्ण एउटा मार्ग हुने भएकाले पनि यसलाई सम्बोधन गर्दा राम्रो हुन्छ । विशेष गरेर यो दुर्गम जिल्लामा बजेट समयमै यो यातायातका कारणले समयमै खर्च हुन नसक्ने भएका कारणले पनि यो संघीय सरकारले पनि एउटा प्राक्टिस गर्दै छ । कार्तिक सम्ममा बजेट कार्यान्वयन गर्ने व्यवस्था पनि हुन आवश्यक देखिन्छ र अर्को अब यहिको अहिले हाम्रो सामाजिक विकास मन्त्रालयबाट बाडिएका धेरै विकास निर्माणका संरचनाहरु पहाडमा बन्ने संरचनाको पनि त्यहि मुल्य छ । तराईमा बन्ने संरचनाको पनि त्यहि मुल्य छ । त्यसैले त्यहा विकास आयो नगरौ भने पनि नहुने गरौ भने नि त्यहाको मान्छेलाई निकै मार पर्ने अवस्था छ त्यसैले यसलाई पनि सम्बोधन हुन आवश्यक देख्दछु । विशेष गरि यो हामीले राजधानीका सन्दर्भमा पनि अब लामो समय भैसक्यो राजधानी हामीले तोकेको हामीले अब अन्य प्रदेश भन्दा छिटो पनि हामीले राजधानी तोक्न सफल भयौ र त्यसलाई कार्यान्वयन हुनका लागि पनि त्यसलाई जतिसक्यो छिटो बनाउदा राम्रो हुन्छ र सुरुवाद समय त लाग्न सक्छ सुरुवात हामीले गरिहाल्नु  पर्छ । त्यस्तै गरि यो सुदूरपश्चिमतिर कतिपय सँग जग्गाको लागत छैन । जग्गा नभएको मान्छेको लागत संकलनलाई पनि यो कार्यक्रम पनि अगाडि ल्याउन आवश्यक छ । त्यसैले यो विशेष गरेर सबै जति नीति तथा कार्यक्रम यो प्रिबजेट आएको छ यसमा धेरै कुराहरु समेटिएका छन् । उहाले धेरै मेहनत गर्नु भएको छ र यहा उठेका सम्पूर्ण कुराहरुलाई पनि उहाले सम्बोधन त्यसैले त प्रिबजेट भनेको पूर्वतयारिका लागि हो त्यसलाई उहाले सुझावका रुपमा लिएर सरकारले यसलाई सम्बोन गर्नेछ । सभामुख महोदय, यो विशेषत हामीले म लास्टमा एउटा कुरा भन्न चाहान्छु यो विरोध भनेपछि हाम्रो यो धेरै परम्परा भैसक्यो अब यो विशेष गरेर हामीले केन्द्रमा भएको केहि समस्याको पनि प्रदेशमै विरोध हुने प्रत्येक पटकमा केहि चर्को स्वर नउठाएर त्यो अलि स्वभाइमान नहुने स्थिति छ । भएका राम्रो कुरालाई राम्रो भनौ यो व्यवस्था आजै आएको होईन । यो समस्या आजको होईन यसो हुनाले विगत

देखिका धेरै ठुला समस्या छन्, धेरै ठुला भाषण हामीले पनि गर्यौ धेरै व्यवस्था आए धेरैले सत्ता संचालन गरेको पनि अवस्था छ तर यो आजै भएन हिजै देखि शुरु हुनुपर्ने कति ढिला भयो भन्ने कुरा धेरै चोटि यहा उठ्यो यो विषयबस्तु भन्दा बाहिर गएर पनि यहा आउन वित्तिकै अलि विरोध गरिहाल्ने किन कि यो साहेद लामो समय सम्म यो सत्ता छोडेको अलि पिडा भएको हुनसक्छ किन कि यो यस्तै हुन्छ सत्ताबाट बाहिरिदा अलि पिडा भैहाल्छ । विशेष गरेर सत्तापक्षलाई म रचनात्मक सहयोग गर्नका लागि म यहालाई निबेदन गर्न चाहान्छु किन कि तपाईले दिएको सुझाव, तपाईले दिएको सल्लाहा सरकारको लागि .... को सिद्धान्तको रुपमा अगाडि बढ्नेछ । अब हामी एउटै डुङ्गा भन्ने डुङ्गाबाट घोच्याउन खोज्यो भनेपछि एउटै डुङ्गा भन्दैरहने त्यसैले यहाहरुलाई मैले अब धेरै कुरा भन्न चाहादीन अब तर सरकार छोडेको धेरै भएको छैन । अब नआत्तिनुहोस केहि ५ बर्ष धैर्यता गर्नुहोस त्यसपछि जनताको जुन मतले फेरी सरकार चलाउनु हुन्छ । हामी पनि प्रतिपक्षमा लामो समय प्राक्टीस गर्दै आएको पार्टि हो । लोकतान्त्रिक अभ्यास पनि हो त्यसैले म विनम्र अनुरोध गर्न चाहान्छु । विषयबस्तु जुनमा आएको छ त्यसैमा मात्रै कुरा गर्नुहोला र आज मैले पनि यो थोरै कुरा राखे यो अलि धेरै भैसके पछि मैले यो कुरा राख्न पनि आवश्यक देखे म सत्तापक्षको सांसद पनि हो । यति भन्दै मेरो भनाई यहि राख्ने अनुमति चाहान्छु । हवस त धन्यवाद नमस्कार ।

माननीय शान्ति नेपाली :- माननीय सभामुख महोदय, चौथो अधिवेशन सँगै विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति माथिको ऐतिहासिक छलफल जसले हरेक व्यवस्थालाई अवस्थामा परिणत गर्दछ । हरेक आर्थिक नीतिलाई व्यवहारमा लागु गर्दछ । त्यसबेलाको महत्वपूर्ण प्राथमिक सिद्धान्त अर्न्तगत हामी जसरी छलफलमा जुटिरहेका छौ । यस छलफलले संविधान कार्यान्वयन देखि लिएर संघीयता कार्यान्वयनमा पनि महत्वपूर्ण योगदान पुर्‍याउदछ । मलाई लाग्छ संविधानमा व्यवस्था भएको तीनखम्बे अर्थनीति समाजवादउन्मुख अर्थतन्त्र सार्वजनिक, नीति र सहकारी सँग समन्वय गरेर जसरी राज्यले तीनखम्बे अर्थनीतिलाई अनुसरण गरेको छ र नेपालमा सदयौ देखि अन्यायको परिधिमा रहेका नागरिकलाई राज्यको मुलधारमा ल्याउने दृष्टि सहित त्यो दरदर्शिता सहित राज्यले परिकल्पना गरेको विश्वकै उत्कृष्ट संविधान जसलाई हामीले पटक पटक व्याख्या गरिरहेका छौ जसका धारा, उपधारा, खण्ड क्रम हामीले अध्ययन गरिरहेका छौ । त्यस बमोजिम जसरी सुदूरपश्चिम सरकार गठन भएको छ । बनेको छ निर्माण भएको छ । त यसलाई कार्यान्वयन गर्नकै लागि यो निर्माण भएको छ त्यसै कारण म के भन्न चाहान्छु भने हामीले थुप्रै नीतिमा, उद्देश्यमा हुन त विचार बनाउनु पर्छ, वृहत्त बनाउनुपर्छ त्यसलाई खुकुलो गर्नुहुदैन सिद्धान्तका हिसाबले ती नीति सिद्धान्तलाई हामीले यदि व्यवहारमा कार्यान्वयन गर्नका लागि पनि त्यतिकै जागरुप भएनौ भने हामीले राखेको सिद्धान्त, लक्ष्य, उद्देश्य प्राप्ती गर्नमा हाम्रो सरकार कमजोर हुन जान्छ । त्यसै कारण म के भन्न चाहान्छु भने अब प्रदेश गौरवका आयोजना देखि लिएर सुदुरपश्चिम प्रदेश सरकारलाई आम नागरिकको विचमा चिनाउनका लागि त्यो गहिरो सम्बन्ध कायम गर्नका लागि आ.व. ०७५।०७६ मा जुन नीति तथा कार्यक्रममा आएका कुराहरु छन् ती जति हामीले कार्यान्वयन गर्न बाँकी छन् तिनलाई पनि समावेश गरेर र नया नया मैले पटक पटक भन्ने गरेकी छु अबको आवश्यकता भौतिक सँगै मानविय पनि हो भौतिक र मानवीयलाई हामीले तुलनात्मक हिसाबले राज्यको समावेशि, समानुपातिक सिद्धान्त अनुसार हामीले लैजान सकेनौ भने समग्र सुदूरपश्चिमको विकास अझै पनि धरापमा पर्न जान्छ । यो भन्दा पूर्व त हामी एकात्मक राज्यप्रणाली

थियो । केन्द्रिय सरकारलाई देखाउने ठाउ थियो अब त हामी तीन वटा सरकारका मालिक सुदूरपश्चिमबासि पनि भएका छौ । केन्द्रमा पनि हाम्रो प्रतिनिधित्व छ, प्रदेशमा हामी सरकारकै रुपमा उपस्थित छौ र स्थानीय सरकार चाहि अझ बलियो सरकारको रुपमा उपस्थित छ । त्यसै कारणले म यहा कुनै सत्तापक्ष, प्रतिपक्ष नभनेर यहा आउछ कतिबेला तपाईको अलि दरो तरिकाले पनि प्रतिपक्षको मित्रजनहरुबाट पनि आउने गर्दछ । मलाई लाग्छ केन्द्रिय र प्रदेश सरकारमा मात्रै उहाहरु प्रतिपक्षमा हुनुहुन्छ । स्थानीयत सरकारमा त बलियो जब्बर उपस्थिति उहाहरुको पनि त छ त्यहा पनि हामीले कति गर्न सक्छौ । त्यहा पनि त एक्सरसाईज गर्ने ठाउँ छ हामी सँग र त्यसपछि आयो प्रदेश सरकार र केन्द्रिय सरकार त्यहा पनि हामीले जतिकुरा संविधानमा व्यवस्था गर्याछौ, जतिकुरा हामीले मौलिक हकमा व्यवस्था गरेका छौ, जतिकुरा हामीले अन्तराष्ट्रिय जगतसँग त्यो एउटा सम्झौता, सहमति, हस्ताक्षर गरेका छौ र तपाईको राष्ट्रिय रुपमा दिगो विकासका लक्ष्यतिर हामी प्रतिवद्ध भएका छौ । ती आधारमा टिकेर र हिजोका दिनमा जनता सँग गरेका प्रतिवद्धता पनि हामीले टिकेर सर्वप्रथम त प्रदेश सरकारले नीति तथा कार्यक्रममा अब कनिका छर्याजस्तो बजेट होईन । एकमुष्ठ जहा लगानी गर्यो त्यहा उपलब्धी देखिने गरि त्यो हामीले एक ठाउमा लगानी गर्यौ भने हजार ठाउमा बोल्न, पन्च ठटाउन पाउने अवस्था सृजना गर्नुपर्ने देखिन्छ । कनिका छरेजस्तो एक करोड पैसा मैले पाच हजार मान्छेलाई विनियोजन गरेको छु भन्ने कुरो भन्दा पनि एक करोड पैसा तपाईको दश जनालाई विनियोजन गरेको छु जहा परिणाम देखियोस । म भन्न चाहान्छु छात्रवृत्तिका कुरा शैक्षिक क्षेत्रको छात्रवृत्तिको कुरा गर्ने हो भने अब चालिस पचास हजार अनुदान जान्छ अब त्यसले यो जमनामा कति स्टुडेन्ट र एउटा दक्ष र ठुलो प्राविधिक टेक्नीकल शिक्षातिर पढ्न सक्छ त डक्टर बन्न सक्छ सक्दैन त्यो खाली एकढंगबाट सानो भयो बरु दुईसय जनालाई प्रदेशभरी छात्रवृत्ति उपलब्ध गराऔ यहि सुदूरपश्चिम प्रदेशमै डक्टर बनाऔ बरु अलि ढीला होला । वकिल बनाऔ पहाडि जिल्लामा एकजना महिला वकिल छैनन जहा हामी महिला हिंसाका लागि हजारौ संघर्ष गरिराछौ । एकजना काउन्सिलिङ गर्ने महिला वकिल पाछैनौ । जब एउटा सामान्य महिलाले त्यहा आफ्नो कुरा राख्नै सक्दैन पुरुष वकिल साथिहरु सँग शेयर गर्नै सक्दैन हेर्दा यो सानो छ तर यसले परिवर्तन धेरै ठुलो ल्याउँछ । अर्को कुरा छ कृषि देखि लिएर उद्योग, बन, पर्यटनतिर अलि प्याकेजका कार्यक्रम बरु दुईवटा गाउँपालिका जोड्ने गरि दुईवटा वडा छनौट गरौ र अर्को कुरा यो भूमिहिनका लागि मैले पटक पटक सदनमा उठाउने गरेकी छु भुमिहिनका लागि कम्तीमा एकपटक भए पनि सुदूरपश्चिम प्रदेश सरकारले सुरुवाद गरोस बरु पचास जनालाई होस यो चाहि घर निर्माणका लागि जमिन लालपूर्जा देखि लिएर यो व्यवस्था गर्नका लागि नीति तथा कार्यक्रममा आउन जरुरी छ । अर्को कुरा शहिद हामीले भन्ने गरेका छौ हजारौ चोटि श्रद्धाञ्जली गर्छौ औपचारिक कार्यक्रममा उहाहरुको अवस्था के छ भन्ने कुरा हामीले अझै एउटा अध्ययन गरेर व्यवहारमा लागु गर्न सकेका छैनौ शहिद, द्वोन्दपिडित, जनआन्दोलन देखि जनयुद्ध सम्मका र वेपत्ता परिवारजनहरुका लागि उचित छात्रवृत्ति, अनुदान, सीपमुलक आयआर्जन कार्यक्रमलाई एकमुष्ठ प्याकेजमै ल्याउन जरुरी छ र त्यसै गरि विदेश प्लायन भएका मैले थुप्रै यता यि पूर्व रिटायर्ड कर्मचारी साथिहरु सँग यसो भेट भएको थियो हेर्दाखेरि उहाका छोराछोरी धेरै जसो डक्टर पढेका मलेसिया, जापान, अमेरिका अलि धनगढीका हुनेखाने काठमाण्डौ जाने, काठमाण्डौका हुनेखाने विदेश जाने स्थिति दक्षजनशक्ति निर्माण हुन्छ त्यो चाहि विदेश प्लायन हुन्छ यसका लागि तथ्यांक सहित उहाहरुलाई स्वदेश फर्काउने बाताबरण हामीले सृजना गर्न जरुरी छ । यसलाई पनि नीति तथा कार्यक्रममा राख्न जरुरी छ । ८८ वटा स्थानीय तहहरुमा वडा महिला सदस्यज्यूहरु हुनुहुन्छ । उपमेयर, गाउँपालिकाको उपाध्यक्षज्यूहरु हुनुहुन्छ

उहाहरु विशुद्ध गृहेणीबाट समावेशिको सिद्धान्तले गर्दा उहाहरु राजनैतिक एउटा कार्यकारी शक्तिमा आउनु भएको छ । उहाहरुले यहानिर सिग्नेचर गर भने त्यहिनिर सिग्नेचर गरिराखेका छन् । त्यसैले उहाहरुको क्षमता अभिवृत्तिका लागि कम्तीमा प्रदेश सरकारले पनि नीति तथा कार्यक्रममा बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ र बझाङ जिल्लाको हिसाबले यो सुदूरपश्चिमको ऐतिहासिक क्षेत्र ताक्लाकोट सडकखण्ड जहा चाईनासँग जोड्ने सडक मैले पटक पटक भनिराछु यसलाई पनि तपाईको निरन्तरतामा लिएर भोली यो प्रदेशकै एउटा त्रिदेशिय नाका बन्ने भएकोले, व्यापारिक केन्द्र बन्ने भएकोले यसका लागि पनि प्रदेश सरकारले गहन ढंगबाट सोच्न जरुरी छ र जुन मैले भने महिलाहरुको हकमा, दलितहरुको हकमा, गरिब विपन्नहरुको हकमा चाहि अलि प्याकेजमा बरु जिल्ला चाहि त्यसरी प्रत्येकबर्ष प्रत्येक जिल्ला भए पनि हुन्छ एउटा बर्ष यो आर्थिक बर्षमा ३ वटा जिल्लालाई गरेपनि हुन्छ । सबै क्षेत्रिय सन्तुलन मिलाएर यसमा चाहि अलि बढी ख्याल गरेर अलि तपाईको महिलाहरुलाई पनि घर निर्माण गर्ने तपाईको ठेकेदार बनाउने कुरा, महिलाहरुलाई पनि ड्राईभर बनाउने कुरा, महिलाहरुलाई पनि पाईलट बनाउने कुरा र यस्तै दलितको हकमा, गरिब विपन्न त्यो एककिसिमको वादी समुदाय, राजी हामीले भनेका डडेल्धुराका राउटे समुदायहरुका लागि उहाहरुका लागि यो व्यवस्था चाहि सरकारले पूर्ण रुपमा शुरुवाद गर्नुपर्छ र अन्तमा जो हाम्रो प्रदेश सरकारले यो ऐतिहासिक यो भन्दा पूर्व बजेटमा आएका महत्वपूर्ण सुदूरपश्चिम बस देखि लिएर युवा स्वरोजगार देखि लिएर अन्य थुप्रै सुपथ मुल्य पसलहरु भयो अनि गएर यस्तै विभिन्न ११ वटा त तपाईका प्रदेश गौरवका आयोजनाहरु थिए ती मध्ये अरुलाई पनि जोडेर त्यहाका महत्वपूर्ण कार्यक्रमलाई निरन्तरतामा लिएर बाँकी यो क्षेत्रलाई समग्र क्षेत्रलाई समेटेर संचार प्रदेश सरकार आफ्नै महत्वपूर्ण संचार तपाईको निर्माण गर्नुपर्ने छ यसलाई पनि जोडेर प्रदेश सरकार आफु पनि सक्षम, दक्ष र प्रदेशवासि समुदायलाई पनि बलियो बनाउनका लागि प्रतिवद्ध रहनुपर्छ र जतिकुरा नीति तथा कार्यक्रममा यो सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिमा आएकाछन् यसलाई कार्यान्वयन गर्नका लागि पनि साउन देखि नै यो सरकारले एकदम प्रयाससँगै प्रतिवद्धता जाहेर गर्नुपर्छ र हाम्रो यो एकदमै महत्वपूर्ण बजेट पनि हो । महत्वपूर्ण समय पनि आएको छ यसलाई सिरोधार्य गरेर अगाडि बढ्नुपर्छ भन्दै मेरा भनाई यहि राख्छु धन्यवाद ।

माननीय कुलविर चौधरी :- माननीय सभामुखज्यू आर्थिक बर्ष २०७६।०७७ को विनियोजन विधेयक सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति माननीय आर्थिक मामिला तथा योजनामन्त्रीज्यू द्वारा प्रस्तुत भएको छ । र यो विनियोजन विधेयक यस प्रदेशवासि र यस प्रदेश अन्तर्गतका विभिन्न प्राकृतिक स्रोत साधन र यहाका भौगोलिकस्थिति, यहाका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति र बसोबासको अवस्था समेतलाई मध्येनजर गर्दै यो विधेयक विनियोजन जस्तो लाग्यो र यसमा अहिले यो विधेयक जुन छ यो समय सापेक्ष एकदम राम्रो विधेयक रहेको छ। यो सुदूरपश्चिम प्रदेश हिमाल, पहाड, तराई ओगटेको प्रदेश सुदूरपश्चिम प्रदेश खोला, नदी, नाला ओगटेको प्रदेश सुदूरपश्चिम प्रदेश एउटा विभिन्न जातजाति, भाषा, धर्म र विभिन्न अवस्थामा बसोबास गर्दै आएका समस्याहरुलाई समेत एउटा जमर्को गर्दै आएको यो प्रदेश त्यसै अनुसार यो प्रदेशका विभिन्न जातजाति, विभिन्न समस्यामा अल्झिदै आएका विभिन्न समस्याहरु हुन त्यसलाई कसरी निराकरण गर्न सकिन्छ भन्ने उद्देश्यले साहेद यो विधेयक ल्याएको छ, प्रस्तुत भएको छ। यसमा यो छलफलको क्रममा आज हामी पाचौ दिनमा प्रवेश गरेका छौ र खास गरिकन यहा पूर्ववक्ता माननीयहरु आफ्ना सुझावका क्रममा

धेरै कुरा राखिसक्नु भएको छ । जस्तो कि हाम्रो यो धेरै लामो समय देखि हाम्रो यो सुदूरपश्चिम प्रदेशमा यो भूमिहिन, हलिया, कमैया, मुक्तकमैया र कमलरिहरुको विषयमा र ऐलानी जग्गा, आरक्षपिडितहरुको विषयमा धेरै लामो समयसम्म यो कुरा उठ्दै आएको छ र यो समस्यालाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरालाई आउदो नीति र कार्यक्रममा पनि समावेश गर्नु पर्दछ । र खास गरिकन यो मुक्तकमैयाहरुको समस्या समाधान अहिले सम्म पूर्ण रुपले नभएको हुनाले अस्थि भर्खरै एउटा मुक्तकमैया, हलियाकमैया र कमलरिहरुको कार्यक्रममा जादाखेरि त्यहानिर एकदमै अपठ्यारो समस्या सुन्नमा आयो ६५ घरधुरीमा खानेपानि व्यवस्था नभएर जम्मा ७ वटा नल्काको मात्रै व्यवस्था भएको र सारैनै अप्ठ्यारो अवस्था भएको कारणले गर्दाखेरि त्यो ६५ घरधुरीमा यसरी जोड्ने हो भने ३ घरधुरी बराबर १ वटा नल्का दिने हो भनेपनि लगभग २१/२२ वटा नल्काको आवश्यकता त्यसो भएको हुनाले यो खोला नदी बास्तवमा यो मुक्तकमैया, मुक्तकमैया सिविर र धेरै जसो यो खेतिकिसानी गर्ने गाउँघरमा बसोबास गर्दै आएका व्यक्तिहरु हाम्रो यो सुदूरपश्चिम प्रदेश एउटा नदीनालाले भरिपूर्ण प्रदेश भएको कारणले गर्दा खेरि त्यो प्राकृतिक स्रोत साधनबाट एकातिर फाईदा छ भने एकातिर हामीलाई कुनै न कुनै किसिमको समस्या पनि रहेको छ । त्यसो भएको हुनाले धेरै जसो ठाउमा यो राजमार्ग देखि तल यो खोलाको छेउमा बस्दै आएका कमैया शिविरहरु उनिहरुको जग्गा जमिन बग्ने र गाउघरमा बस्दै आएका हाम्रा किसान दाजुभाईहरुको खेति बग्ने, खेतियोग्य जमिन बग्ने त्यसो भएको हुनाले त्यो खेतियोग्य जमिन बगेर एउटा बगरमा परिणत भएको कारणले गर्दा पनि उनिहरुलाई त्यो बगर खेतिको लागि कुनै न कुनै किसिमको विशेष किसिमको कार्यक्रम ल्याउनुपर्छ । जसबाट उनिहरुलाई आफ्नो आय आर्जन र आफ्नो जिविकोपार्जनको लागि सहज होस र यो हाम्रो यो ऐलानी जग्गा अथवा भूमि व्यवस्थाको लागि संविधानको अनुसूची ६ को १६ नं. बुदामा प्रदेश सरकारलाई जग्गा तथ्यांक लिने अधिकार छ त्यसैले प्रदेश सरकारले जग्गाको तथ्यांक लिई वैज्ञानिक भूमिसुधार क्रान्तिकारी भूमिसुधार लागु गर्नु पर्दछ भन्ने कार्यक्रम चाहि नीति तथा कार्यक्रममा आवस र यि विगत लामो समयदेखि भोग्दै आएका समस्याहरु उनिहरुको माथि समस्या समाधानहोस र हाम्रो यो अहिले खेतिको समय नजिकै आईरहेको हुदा विभिन्न लामो समय देखि खेतिकिसानी गर्ने व्यक्तिहरु, किशानहरु एउटा मलखादको कारणले गर्दा उनिहरुलाई समस्या पर्ने हुनाले समय मै सम्बन्धित क्षेत्रमा सम्बन्धित ठाउमा उनिहरुले सहजै प्राप्त गर्न सक्ने खालको मलखादको व्यवस्था पनि ल्याउनु पर्छ भन्ने आगामी कार्यक्रममा आउनुपर्यो र राजधानीको विषयमा भन्नु पर्दाखेरि यो लामो समयदेखि जब राजधानीको नामाकरण र स्थान किटान भयो त्यति समय देखि हाम्रा प्रतिपक्ष, प्रमुखप्रतिपक्षका माननीयज्यूहरुले उठाउदै आउनु भएको छ । कि बाताबरण विग्रीने किसिमले राजधानी तोकिन हुदैनथ्यो, बन विनास गर्नुहुदैनथ्यो भन्ने कुरा उहाहरुले भन्दै आउनु भएको छ । त्यसो भएको हुनाले यो राजधानी किटान भैसकेता पनि, नाम किटान भैसकेता पनि यसलाई प्रमुख यो सुदूरपश्चिम प्रदेशको एउटा गौरवको आयोजनाको रुपमा लिई यसलाई जसरी हुन्छ । बाताबरणयुक्त राजधानी निर्माणको लागि कार्यक्रम अगाडि बढाउनुपर्छ र जे भए पनि साहेद उहाहरुलाई यो कार्यक्रम घोषणा त भयो अनि कार्यक्रम थालनी किन भएन उहाहरुलाई साहेद आतुर भएको हुन सक्छ । त्यसो भएको हुनाले यो कार्यक्रम छिटो संचालन गर्न पाएपछि अलिकति उहाहरुको पनि मन शान्त हुन्थ्यो होला भन्दै यो आगामी दिनमा विभिन्न किसिमका समस्याहरुलाई समाधान गर्नका लागि नीति तथा कार्यक्रममा समावेश गरियोस भन्ने भनाई राख्दै आफ्ना दुईशब्द यहि टुङ्ग्याउछु हवस त धन्यवाद ।

***(बोलि सकेपछि)***

८. **माननीय सदस्यहरु,**

आ.व.२०७६।०७७ को पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथि छलफल गर्न निर्धारण गरिएको समय यही समाप्त हुन्छ ।

९. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (८) बमोजिम पूर्व बजेट छलफलको क्रममा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा :- माननीय सभामुख महोदय, सर्वप्रथम हाम्रो दक्षिणी मित्रराष्ट्र भारतमा लोकसभाको चुनाव सम्पन्न भएको छ । बर्तमान प्रधानमन्त्री सम्माननीय नरेन्द्र मोदीज्यूले जितेको छ म भारतिय जनता पार्टि र मित्रराष्ट्र भारतका प्रधानमन्त्री सम्माननीय नरेन्द्र मोदीज्यूलाई सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु । अब म विषय प्रवेश गर्ने अनुमति चाहान्छु । २ गते सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले बजेटका प्राथमिकता, उद्देश्य, सिद्धान्त र प्रमुख नीतिहरु हामीले प्रस्तुत गरेका थियौ । लगातार २ गतेबाट आज सम्म छलफलमा भाग लिने र अमुल्य सुझाव दिने माननीय सांसदहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु र तपाईहरुले दिएका अमुल्य सुझाव बजेट बनाउदा मार्ग दर्शनको रुपमा लिनेछु भन्ने म प्रतिवद्धता जाहेर गर्न चाहान्छु । माननीय सभामुख महोदय, धेरै जसो आएका सुझावहरु सरकारको नीति तथा कार्यक्रममा आउनुपर्ने सुझावहरु आएका छन् । मलाई यसो भनिरहदा एउटा कुरा के मैले सोचे भने साच्चै सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा यति छलफल के होला भन्ने कुरा पनि मैले एक साईडबाट सोचेको छु । तर छलफल सिद्धान्त, उद्देश्य र प्राथमिकतामा मात्र सिमित हुदैन यहि प्रस्तुत गरेका सिद्धान्त, प्राथमिकता र उद्देश्य भन्दा बाहिर पनि अमुल्य राय सुझावहरु आएका छन् । ती पनि मननयोग्य छन् भन्ने म मेरो मन्तव्य जाहेर गर्न चाहान्छु । माननीय सभामुख महोदय, हाम्रो मुलुक नवीन संघीयताको अभ्यासतिर उन्मुख छ । नयाँ संरचना र संयन्त्र बनाउनको लागि आवश्यक समय र स्रोतको आवश्यकता पर्छ । असिमित जनपेक्षा र जनआकांक्षका विचमा प्रदेश सरकार सँग भएको सिमित साधन र स्रोत सिमितता छ यसै विच प्रदेश सरकारले बजेट प्रस्तुत गर्नुपर्ने जिम्मेवारी हाम्रो काधमा आईपरेको छ । एकातिर सिमितस्रोत र साधन अर्कोतिर असिमित हाम्रा जनअपेक्षाहरु यसको बिच तादम्यता कायम गरेर प्रदेश सरकारले बजेट संसदमा प्रस्तुत गर्नुपर्ने हाम्रो काधमा जिम्मेवारी छ । यसै बाटोबाट सिमित स्रोत, साधन र असिमित जनआकांक्षाका भावनालाई समेट्दै बजेटमा प्राथमिकता र प्राथमिकरण गरेर योजना छनौट गरि बजेट प्रस्तुत गर्ने एथेष्ट प्रर्यास गर्ने प्रर्यत्न गर्ने व्यहोरा म सम्मानित सभामा अनुरोध गर्न चाहान्छु । हामीले छलफल गर्दा केहि माननीय सांसदहरु अघि मैले आफ्नो आसनमा आसनग्रहण गरेको देखे तर अहिले मैले प्रतिउत्तर दिनुपर्दा उहालाई मैले आफ्नो आसनमा विराजमान भएको देखेन एद्यपी हाम्रो पत्रकार र हाम्रो विधिवत व्यवस्था पनि छ त्यस माध्येमबाट पक्कै पनि त्यो प्रतिउत्तर उहासमक्ष पुग्नेछ भन्ने मैले अपेक्षा गरेको छु र अब म त्यो उठेका प्रश्नको केहि संक्षपमा प्रतिउत्तर दिने प्रयास गर्नेछु । माननीय सभामुख महोदय, माननीय

सांसदज्यूले सुझाव दिदा योजना छनौटको मापदण्ड छैन भन्नु भा को छ विगतमा कम्बोडिया र कम्बोडियाबाट आएको एउटा फर्मेट छ । मेथट छ त्यसलाई मिकटमएक्सनिचर प्लान भनिन्छ । प्रदेश सरकारले सुदूरपश्चिम प्रदेशमा आयोजना छनौट गर्ने मापदण्ड के के हुन र कसरी गर्नुपर्छ र राष्ट्रिय योजना आयोगले कसरी गरिराखेको छ । विश्वभरी मान्यताहरु के छन् एकदम चलनचल्तीमा आएको सिद्धान्त र त्यसका फर्मुलाहरु के छन् त्यो नीति अवलम्बन गरेको छ । अब छिट्टै केहि दिनबाट मन्त्रीपरिषद्बाट स्वीकृत हुने व्यहोरा म सम्मानीत सभामा अनुरोध गर्न चाहान्छु र त्यहि अनुसार सम्बन्धित निकायले र विषयगत मन्त्रालयले बजेटका कार्यक्रमहरु अगाडि बढाएको छ । बजेट हचुवाका तालमा, बजेट कुनै मापदण्ड र सिद्धान्त विहिन अगाडि बढाएको छैन भन्ने कुरा म यहालाई निबेदन गर्न चाहान्छु । माननीय सभामुख महोदय, ३१ वटा मौलिक हकमा बजेट कसरी विनियोजन हुने भनेर उहाले गर्नुभाको छ मलाई लाग्छ बजेटका प्राथमिकता र सिद्धान्तमा यि कुराहरु लेखिदैन माननीय सभामुख महोदय यि कुराहरु बजेट प्रस्तुत हुदाखेरिमा बजेटको कार्यक्रममा लेखिने व्यहोरा म सम्मानीत सभामा निबेदन गर्न चाहान्छु । यदि सबै कुरा यहि लेखिने हो र नीति कार्यक्रममा लेखिने हो भने बजेट आषाढ १ गते प्रस्तुत गर्नाको कुनै औचित्य रहदैन त्यसैले मलाई लाग्छ मेरा सम्मानित माननीय सांसदहरुले बोल्दाखेरिमा कमसेकम परिधिभित्र रहेर सुझाव दिनुहुनेछ भन्ने मैले अपेक्षा गरेको छु । माननीय सभामुख महोदय बजेटको लक्ष्य छैन भनेर उहाले भन्नुभाको छ । स्पष्ट रुपमा यो ७ पेजको हामीले प्रस्तुत गरेको बजेटका सिद्धान्त, प्राथमिकता, उद्देश्य र प्रमुख नीतिहरुको बारेमा हामीले बर्णन गर्दा उल्लेख गर्दा सरकारले नीति अवलम्बन गर्दा हाम्रा नीतिहरु हामीले लक्ष्यहरु निर्धारण गरेका छौ । हामीले बेरोजगरीको अन्त्य गर्ने, कृषिमा आत्मनिर्भर गर्ने, हामीले आयातलाई निरुत्साहित गर्ने, निरियातलाई प्रोत्साहन गर्ने महिलालाई हक दिने, पिछडिएको बर्गलाई हक र अधिकार दिने र हाम्रो साधन र स्रोत त्यसै कार्यक्रममा लक्षित गर्ने भन्ने हामीले लेखेका छौ । म उहालाई पुनः एकचोटि यो ७ पेजको बजेटका सिद्धान्त तथा प्राथमिकता पुनः वाचन गर्नका निम्ती म निबेदन गर्न चाहान्छु । माननीय सभामुख महोदय, पर्यटन क्षेत्रमा यहा कार्यक्रम आएन भनिएको छ । यो यहा लेख्दा खेरिमा पर्यटनमा आएन, जलस्रोतमा आएन यो तपाईको गरिबी निवारणमा आएन भनेर एक एक कार्यक्रमको यहा बर्णन गरिदैन त्यो बजेटको रातो किताबमा आउछ र रातो किताबमा अवश्य आउनेछ भन्ने व्यहोरा म अनुरोध गर्न चाहान्छु । यो एउटा नीतिगत रुपमा मात्रै सिद्धान्त रुपमा मात्रै यहा केहि सांकेतिक रुपमा मात्रै हामीले उल्लेख गर्नुपर्ने भएको नाताले विश्वव्यापी मान्यता अनुरुप र बजेटका सिद्धान्त अनुरुप हामीले यहा उल्लेख गरेका छौ । यो उल्लेख गरेको कुराहरु पर्याप्त रहेको व्यहोरा म सदन समक्ष निबेदन गर्न चाहान्छु । माननीय सभामुख महोदय, गरिबी उत्थानको बारेमा केहि पनि कुरा छैन भन्नु भा को छ गत बर्ष आर्थिक बर्ष ०७५।०७६ को बजेटमा एक सय करोडको हामीले स्वरोजगार विकास कोषको अवधारणा अगाडि सारेका छौ अबको केहि दिन भित्रै त्यो कोषको कार्य ऐन भएर विधेयक पारित भएर ऐनको रुपमा जादैछ त्यसमा हामीले लक्ष्य निर्धारण गरेका छौ । र गरिबी निवारण कसरी गर्ने, बेरोजगारीको अन्त्य कसरी गर्ने, सीप कसरी सिकाउने, सीपमा अझ दक्षता कसरी गर्ने र हामीले न्यूनतम व्याजदरमा कसरी ऋण प्रवाह गर्ने कुराहरु त्यसै कोषबाट अगाडि बढेका छौ । त्यो कार्यक्रम अब यो हाउसबाट सम्मानीत हाउसबाट यो ऐन पास भएर गएपछि शिघ्र कार्यान्वयनमा जाने व्यहोरा म अनुरोध गर्न चाहान्छु यसमा मैले धेरै भनिरहनु नपर्ला माननीय सभामुख महोदय, बजेट खर्च हुन सकेन भन्ने कुराहरु यहा आएको छ । संघीय सरकारले आजको मिति सम्म ३५ प्रतिशत मात्रै पुजीगत खर्च गरेको छ । कुनै पनि प्रदेशको पुजीगत खर्च २५ प्रतिशत भन्दा माथि नाघेको छैन र खर्च पुजीगत खर्च गर्ने सन्दर्भमा

सुदूरपश्चिम प्रदेश ७ वटा प्रदेशमा दुई नम्बर प्रदेशमा आउछ । के यसैमा पनि सुदूरपश्चिम प्रदेशले खर्च गरेन भनेर तपाईले आंला ठड्याउने । हामीले भौतिक प्रगति निकै अगाडि गरेका छौं । पुजीगत खर्चको तथ्यांक र प्रतिशत तय गर्दाखेरि आर्थिक आचरणमा तय हुने हुनाले आर्थिक प्रगतिको भुक्तानीको आधारमा मात्रै तय हुनाले हाम्रो तथ्यांकिय हिसाबमा मात्रै आर्थिक प्रगति २५ प्रतिशतको हाराहारीमा देखिएको छ । यद्यपी सातै ओटा प्रदेशले प्रतिशतमा हामीले कम्पेरिसन गर्ने हो भने हामी दुई नम्बरमा आउछु र संघीय सरकारको गर्ने हो भने ३५ प्रतिशत उसको पुजीगत खर्च भएको छ । जबकी संघीय सरकारसँग आज भन्दा ७० बर्ष देखि उसको संयन्त्र निर्माण छ, उ सँग कर्मचारी छ, उ सँग हक र अधिकार छ त्यसको बावजुत पनि आजका मिति सम्म ३५ प्रतिशत मात्रै पुजीगत खर्च गरेको छ र सुदूरपश्चिम प्रदेश सरकारले सातै वटा प्रदेशमा पुजीगत खर्च गर्ने संयन्त्रमा दुईटा सेकेन्ड लार्जेस **क्यापिटलएक्समेन्टिचर** गर्ने प्रदेशको रुपमा आफुलाई पहिचान गराउने काम भएको छ । यहा भन्दा बढी गर्नका लागि त मलाई के लाग्छ भने यदि कसैले प्रश्न गर्छ भने प्रश्न माथिको प्रश्न र मिथ्या हुन सक्छ । नवीन अभ्यासमा जादाखेरि न कर्मचारी छन्, न कर्मचारी समायोजन भएका छन्, न हामी सँग संयन्त्रको निर्माण भएको छ अनि रचनात्मक सुझावलाई ग्रहेको रुपमा लिन सकिन्छ विरोध माथिको विरोधलाई अब यो मैले धेरै भनिरहनु पर्दैन । माननीय सभामुख महोदय त्यसपछि दक्षिण र उत्तर मित्रराष्ट्रसँग हामीले बाटाको मार्ग खुलाउने भन्ने जो कुरा आइरहेको छ कुनै पनि अन्तराष्ट्रिय बोर्डरहरु प्रदेश सरकारको मातहतमा आउदैनन र त्यहा हामीले ... पनि मिल्दैन । हामी सतप्रयत्नशिल छौ कसरी यो प्रदेशको आर्थिक उन्नती हुनसक्छ । कसरी आर्थिक वृद्धि भएर हामी अगाडि जान सक्छौ भन्ने कुरामा हामीले कुनै कन्जुसाई गरेका छैनौ । हामी हातबानेर पनि बसेका छैनौ तर कतिपय कुराहरु आफ्नो बहस भन्दा बाहिरीको, संविधान भन्दा बाहिरीको, लिमिटेशन भन्दा बाहिरिको हुन गएको कारणले गर्दाखेरिमा हामीले त्यसलाई आत्मसात गरेर अगाडि बढाउन सकेका छैनम यद्यपी हामीले संघीय सरकारसँग समन्वय गरेर छिट्टै मित्रराष्ट्र भारतसँग र मित्रराष्ट्र चाईनाका नाकाहरुमा हामी आवत जावत मार्गलाई व्यवस्थित गर्नको लागि प्रर्यत्नशिल भएको व्यहोरा म सम्मानित सभामा अनुरोध गर्न चाहान्छु । त्यस्तै बैंकको ब्याज सन्दर्भमा केहि कुरा उठेको थियो । नेपालको संविधानले बैंक र वित्तिय संस्थाको सम्पूर्ण नियमनकारी निकायको रुपमा संघीय सरकारलाई तोकेको छ । हामी यसतर्फ बाध्य छौ तर केहि गर्न सकि राको होईन भन्ने चाहि होईन संघीय सरकारले दुईवटा कर्जा गरिबीको र उत्पादशिल क्षेत्रमा उन्मुख गरेको छ । एउटा उत्पादशिल कर्जा त्यो उत्पादशिल कर्जा कृषिमा, त्यो उत्पादनशिल कर्जा उर्जामा कुनै पनि नेपालका वैंक र वित्तिय संस्थाले जसले नेपाल राष्ट्र बैंकबाट ईजाजत पत्र लिएको छ त्यसले आफुले गरेको कुल कर्जा लगानीको १० प्रतिशत उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । त्यस्तै विपन्न बर्गमा जाने कर्जा नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त बैंक, वित्तिय संस्थालाई बाध्यात्मक बाध्यकारी व्यवस्था के गरेको छ भने बाणिज्य बैंकहरुको हकमा साढे चार प्रतिशत, विकास बैंकहरुको हकमा चार प्रतिशत, वित्त कम्पनीको हकमा तीन प्रतिशत कुल कर्जा लगानीको कर्जाको प्रतिशत विपन्न वर्गमा लगानी गर्ने बाध्यात्मक परिपस्थित संघीय सरकारको मातहतमा रहेको र स्वायत्त निकाय नेपाल राष्ट्र बैंकले गरेको छ । त्यसैले हाम्रो मातहतमा नरहेता पनि हामी समन्वयकारी भुमिकामा छौ र मैले अझै नेपाल राष्ट्रबैंकका गर्भनर अर्थमन्त्री डा. युवराज खतिवडा, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली सँग भेट हुदा खेरिमा अझ स्पष्ट रुपमा मैले के भनेको छु भने पछाडि परेको कर्णाली प्रदेश, पछाडि परेको सुदूरपश्चिम प्रदेश त्यहा प्रतिशतको आधारमा होईन अरु प्रदेशमा समानुपातिक तरिकाले तपाईले जुन किसिमले विपन्नवर्ग कर्जा र

उत्पादनशिल कर्जा प्रवाह गरिराख्नु भा छ यो न्यायसंगत छैन हामी आर्थिक न्यायमा ल्याउनको लागि सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशलाई तोकिएको प्रतिशत किटानीका साथ राख्नुपर्छ होईन भने कुनै प्रदेश हङकङ र बेङ्कककको दाजोमा पनि गईहाल्ने कुनै प्रदेश एकदमै पछाडि पर्ने यो आर्थिक नीति विरोधकारी आर्थिक नीति छ यसमा सरकार संघीय सरकारले ध्यान दिनुपर्छ भन्ने कुरा मेरो पटक पटक भेटमा मैले आग्रह गरेको व्यहोरा माननीय सभामुख मार्फत यस सभामा म निबेदन गर्न चाहान्छु । माननीय सभामुख महोदय, त्यस्तै योजनाको म्याद ६ गतेको थियो हामीलाई जानकारी भएन भनेर माननीय सांसदज्यूले भन्नु भा को छ अर्थमन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालयलाई परिपत्र जारी गर्दा हामीले ७ गते भित्रमा तपाईहरुका योजनाहरु, कार्यक्रमहरु, पि.एल.एम.एस. अथवा त्यो सफ्टवयरमा डेटा ईन्ट्रि गराउनु भनेका थियौ । पछिल्लो स्थिति हेर्दाखेरिमा माननीय सांसदज्यूहरुका सबै योजनाहरुको त्यहा प्रवेष्टि हुन गएको छैन हामीले केहि दिनको लागि खुकुलो छोडेका छौ । तपाईहरुलाई बाईपास गरेर प्रदेश सरकार जादैन यो प्रतिवद्धता म यो आजको गरिमामय सभामा यो प्रदेश सभामा म जाहेरी गर्न चाहान्छु । तपाई लगायत छुटेका आयोजना या कार्यक्रमहरु मैले विषयगत मन्त्रीज्यूहरुलाई भनिसकेको छु सम्पूर्ण सांसदज्यूहरुलाई बोलाउनुहोस तपाईहरुलाई अझै एक हप्ता चाहिन्छ भने अर्थमन्त्रालय त्यो दिन दिन तयार रहेको छ त्यसैले तपाईहरु यसमा कुनै किसिमको दुविदा नपर्नुहोस मैले विषयगत मन्त्रीजीलाई भनिसकेको छु । माननीय विषयगत मन्त्रीज्यूले नसुनेको अवस्थामा अर्थमन्त्रालयमा अर्थमन्त्रीको हैसियतले म जिम्मेवारी लिन्छु र म समन्वयात्मक भुमिकामा यो कामहरु अगाडि बढाउछु भन्ने म यहालाई निबेदन गर्न चाहान्छु। त्यसपछि बजेट सामाजिक विकास तर्फ कम छ भन्ने आईराखेको छ मैले सबै विषयगत माननीय मन्त्रीज्यूहरुलाई एक एक दिनको टाईम दिएर सेडुयल बनाईराखेको छु त्यस बमोजिमको न्यूनता देखिएको अवस्थामा हामी कार्यक्रममा आई वित्तिय स्रोत थप गर्नको लागि लचिलो भएको व्यहोरा अनुरोध गर्न चाहान्छु । त्यस्तै एक माननीय सांसदज्यूले मार्मिक रुपमा आफ्नो वक्तव्यमा भनेर जानुभाको थियो । योजना तल माथि होला नियत तलमाथि पक्कै पनि छैनहोला उहाले भन्नु भा को थियो माननीय सभामुख महोदय, म सभामुख मार्फत भन्न चाहान्छु । नियत पनि छैन नियति पनि हुन दिनेवाला छैन भन्ने म प्रतिवद्धता जाहेर गर्न चाहान्छु । माननीय सभामुख महोदय, बलचौरमा रहेका वादी बस्तीको सन्दर्भमा ध्यानाकर्षण प्रदेश सरकारको भएको छ। विभिन्न सुकुम्बासिको, हलियाको, मुक्तकमैयाको समस्या हाम्रो प्रदेशमा व्यापक रुपमा छ । प्रदेश सरकारले केहि ऐन, कानूनहरुको चाहि विधि नीतिहरु बनाउदै छ । केहि आयोगहरु पनि बनाउने क्रममा छलफल चलाईराखेका छौ । जाने आउने बेलामा हाम्रो पनि त्यो समुदायको बस्ती तर्फ ध्यान पर्छ र म दुईतिन चोटि म पनि त्यहा गएर आई सकेको छु तर विडम्बना के छ भने त्यो ठाउबाट तिनिहरु अलग ठाउमा जान नचाहाने त्यो ठाउ नछोडेर त्यहाको विकास नहुने यसै विचमा केहि दोन्दनात्मक कुराहरु सृजना भएको कारणले गर्दाखेरिमा म माननीय सांसद उमा वादीजीलाई समन्वयात्मक भुमिका निर्वाह गरिदिनको लागि अनुरोध गर्न चाहान्छु र प्रदेश सरकार यस समस्याको समाधान गर्न सम्बेदनशिल रहेको म यस गरिमामय सभामा निबेदन गर्न चाहान्छु। अब म धेरै समय नलिईकन माननीय सांसदज्यूहरुबाट आएका अमुल्य राय सुझावहरु मैले पहिले पनि भनिसके अझ अन्ततिर भन्न चाहान्छु । यो बजेट तर्जुमा गर्दा बजेटमा कार्यक्रम विनियोजन गर्दा मार्गदर्शनको रुपमा लिनेछु र राय सुझाव दिने अमुल्य माननीय सांसदज्यूहरुलाई पुनः एकपटक हार्दिक आभार व्यक्त गर्न चाहान्छु । त्यस्तै आएका राय सुझावहरुलाई रचनात्मक राय सुझावहरुलाई एथेष्ट रुपमा समेट्ने प्रयास र प्रयत्न गरिने व्यहोरा अनुरोध गर्न चाहान्छु । अन्तमा यो कार्यक्रममा र यो

कार्यक्रमको पत्रमा आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले प्रस्तुत गरेको यो पत्रमा यहाहरु सबैले सहभागिता जनाई र छलफलमा मलाई लाग्छ सम्पूर्ण सांसदले भाग लिएको मैले बुझेको छु यसरी आउने कार्यक्रमहरुमा आगामी दिनमा पनि यहाहरुको सहभागिता रहनेछ। प्रदेश सरकारले यो प्रदेशको सामाजिक रुपान्तरणको लागि, आर्थिक वृत्ति विकास र समृद्धिको लागि, सुखि नेपाली र समृद्ध नेपालको लागि र समाजवादमुन्मुख अर्थतन्त्र अगाडि बढाउनको लागि कुनै कसर बाँकी छोड्ने छैन भन्ने प्रतिवद्धता जाहेर गर्दै म आएका प्रश्नउत्तर यहि टुङ्गीएको अनुरोध गर्दछु। साथै धन्यवाद ज्ञापन गर्न चाहान्छु धन्यवाद ।

*(जवाफ दिएपछि)*

१०. **माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको छलफलबाट प्राप्त सुझावहरुलाई विनियोजन विधेयकमा समावेश गर्ने प्रयोजनका लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखि पठाउँन सचिवालयलाई निर्देशन दिन्छु ।

११. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ १२ गते आईतबार दिनको ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।